# आधारभूत मानविय मापदण्ड प्रशिक्षण निर्देशिका

*Training Guideline on Core Humanitarian Standard*





**NATIONAL DISASTER RISK REDUCTION CENTER NEPAL (NDRC)**

**JUNE 2021**

## प्रशिक्षण निर्देशिकाको सर्न्दभमा

नेपाल भूकम्प, बाढी, पहिरो, आगलागी, चट्यांङ्ग, माहामारी, हावाहुरी, असिना, सडक दुर्घटना, हवाई दुर्घटना जस्ता प्राकृतिक र मानव सृजित प्रकोपका घटनाहरु समय समयमा हुने गर्दछ जसले धेरै धनजनको क्षति गर्ने गरेको छ । नेपाल सरकार गृह मन्त्रालयको प्रतिवेदन अनुसार विगत २ वर्ष २०१७ र २०१८ को तथ्यांक लाई विश्लेषण गर्ने हो भने विपद्बाट झण्डै ९६८ जना मानिसहरुको मृत्यु हुने गरेको, २७२५५ घर परिवार प्रभावित भएको र झण्डै ७ अरव जतिको आर्थिक क्षति भएको पाइन्छ । यसरी प्रत्येक वर्ष मानिसहरु प्रभावित हुने र उनीहरुलाई मानविय सहयोग गर्नुपर्ने यर्थाथ रहेको  छ। मानविय सहयोग सर्न्दभमा अन्तराष्ट्रिय स्तरमा विभिन्न मापदण्डहरु (स्फेयर, आधारभूत मानविय मापदण्ड) तयार भएका छन् र समय परिस्थिति अनुसार परिमार्जन पनि हुदै आएको छ । सोही मापदण्ड अनुसार मानविय सहयोगका कार्यहरु सवै राष्ट्रले संचालन गरिनु पर्दछ भन्ने मान्यता रहेको छ।

आधारभुत मानविय मापदण्ड सर्न्दभमा मानविय सेवाका कार्यरत सरकारी र गैर सरकारी संस्थाका सदस्यहरुलाई ज्ञान तथा सीपको अभिवृद्धि गर्नु जरुरी रहेको छ र मानविय मापदण्डलाई सवै तह संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारल, गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था, विकास साझेदार, निजि संस्था सवैले गुणस्तरिय बनाउनु पर्ने साथै उक्त कार्यको उत्तरदायित्व लिनुपर्दछ । यसै आवश्यकतालाई मध्यनजर राखि आधारभूत मानविय कार्यमा सवैको समान बुझाई र एकरुपता कायम रहोस् भन्ने उद्धेश्यले यो निर्देशिका तयार गरिएको छ । यो निर्देशिका विशेष गरेर परिमार्जित हुदै आएको स्फेयर मापदण्ड र आधारभूत मानविय मापदण्डलाई आधार मानी तयार गरिएको छ ।

यस निर्देशिका अनुसार ३ दिनको प्रशिक्षण कार्यक्रम तय गरिएको छ भने जम्मा १२ वटा सत्रहरु राखिएको छ । जसमध्ये २ वटा सत्रहरु औपचारिक शुभारम्भ र समापन गर्ने रहेको छ भने १० वटा सत्रहरु सैद्धान्तिक र व्यवहारिक अभ्यास गर्ने उद्धेश्यले तयार गरिएको छ । यस निर्देशिकामा सत्र योजना, सत्रकालागि अध्ययन सामाग्रीहरु र सत्रकालागि प्रस्तुतीका स्लाइडहरु राखिएको छ । अध्ययन सामाग्रीहरु नेपाल सरकार संघिय मामिला र सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहकोलागि विपद् जोखिम न्युनीकरण र जलवायु परिवर्तन अनुकूलन प्रशिक्षण निर्देशिका, स्फेयर किताव, आधारभूत मानविय मापदण्ड, गृह मन्त्रालयको वेवसाइट,बाट साभार गरिएको छ । सत्रकोलागि आवश्यक पर्ने श्रव्यदृश्य सामाग्रीहरु, उदाहरणहरु, प्रश्नहरु पनि समावेश गरिएको छ । विशेष गरेर स्फेयर मापदण्डकोलागि व्यवहारिक अभ्यास नै गर्ने गरी योजना गरिएको छ जसले विपद्को समयमा प्रतिकार्यको कार्य गर्दा सहज हुने विश्वास राखिएको  छ।

उक्त निर्देशिकामा विपद् जोखिम न्युनीकरण र व्यवस्थापनका सवै विषयहरुलाई विस्तृत रुपमा प्रस्तुत गर्न सकिएको छैन विशेष गरेर मानविय मापदण्डलाई मात्र केन्द्रित गरेर निर्देशिका तयार गरिएको छ । विस्तृत रुपमा नेपाल सरकारले तयार गरेका अन्य निर्देशिकाहरुको पनि अध्ययन गर्न सकिन्छ । मानविय मापदण्डमा कार्यरत जो कोहीलाई यो निर्देशिकाले सहयोग पुग्ने अपेक्षा गरिएको छ । अभ्यासको क्रममा यो निर्देशिकालाई परिमार्जन गर्न सकिने भएकोले प्रयोगकर्ताहरुबाट पृष्ठपोषण, सुझावको अपेक्षा गरिएको छ ।

विषय सूची

| विषय सूची | पेज नं |
|---|---|
| औपचारिक कार्यक्रम र प्रशिक्षणको शुभारम्भ | ३-४ |
| नेपालमा विपद् जोखिमको अवस्था र विपद् जोखिम न्युनीकरण र व्यवस्थापनमा गरिने कार्यहरु | ५-२० |
| नेपाल सरकारको कानून, नीति, रणनीति र मापदण्ड सम्वन्धि व्यवस्थाहरु | २१-३१ |
| मानविय मापदण्डको ऐतिहासिक विकास क्रम | ३२-३९ |
| आाधारभूत मानविय मापदण्डका ९ प्रतिवद्धताहरु | ४०-४७ |
| स्फेयर मापदण्ड | ४८-५८ |
| क्लष्टर अवधारणा | ५९-६७ |
| स्फेयरको व्यवहारिक अभ्यासवारे तयारी | ६८-६९ |
| स्फेयरको व्यवहारिक अभ्यास | ७०-७१ |
| स्फेयर मापदण्ड र भण्डारण स्थलको अवलोकन | ७२-७३ |
| प्रशिक्षणको मुल्यांङ्कन र समापन | ७४-७५ |
| सर्न्दभ सामाग्रीहरुको सूची | ७६ |
| थप जानकारीकोलागि प्रस्ताव गरिएको पुस्तकहरु र श्रोतहरु | ७७ |

# सत्र योजना

**मोडुल : आधारभूत मानविय मापदण्ड**

सत्र : १
समय ९० मिनेट

**विषय : शुभारम्भ, परिचय, उद्देश्य, अपेक्षा संकलन, समुह मान्यता, प्रि टेष्ट**

साधारण उद्देश्य : यस सत्रको अन्तमा सहभागीहरु प्रशिक्षणको उद्देश्य बारे प्रष्ट हुनेछन् ।

निर्दिष्ट उद्देश्य : सत्रको अन्तमा सहभागीहरु :

- एक आपसमा परिचित हुनेछन् ।
- प्रशिक्षण अवधिमा छलफल गरिने मुख्य विषयवस्तुको वारेमा जानकारी पाउनेछन् ।
- विषयवस्तु वारेमा पूर्व जानकारीको अवस्था उपलब्ध हुनेछ ।

सत्रका मुख्य विषयवस्तु:

- प्रशिक्षणको शुभारम्भ
- प्रशिक्षणको उद्देश्य
- परिचय
- अपेक्षा संकलन
- प्रशिक्षणका विषयवस्तुहरु, आधारभूत नियमहरु, जिम्मेवारी आदि
- प्रशिक्षण पूर्व जानकारी

| **प्रशिक्षण - सिकाई क्रियाकलाप** | **सिकाई विधि** | **अवधि** | **शिक्षण - सिकाई सामाग्री** |
|---|---|---|---|
| **क्रियाकलाप १ : शुभारम्भ**<br>• सहभागीहरु र अतिथिहरुको आशन ग्रहणसँगै कार्यक्रमको शुभारम्भ गर्नुहोस् ।<br>• स्वागत सहित कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुहोस् ।<br>• प्रमुख अतिथिबाट ब्यानर पढी कार्यक्रमको औपचारिक शुभारम्भ गनुहोस् ।<br>• अतिथिहरुबाट कार्यक्रमको सफलताको शुभकामना मन्तव्यका लागि अनुरोध गनुहोस् ।<br>• कार्यक्रमको अध्यक्षबाट शुभारम्भ मन्तव्य सहित सत्र विसर्जनका लागि अनुरोध गर्नुहोस् । | मन्तव्य | २५ मिनेट | मेटाकार्ड, व्यानर, |
| **क्रियाकलाप २ : परिचय**<br>• सबै सहभागी, सहजकर्ता (प्रशिक्षक) र अन्य उपस्थित व्यक्तिहरुलाई आफ्नो नाम, ठेगाना, पद, साथै कुनै पनि विपद पर्दा के कस्ता कार्य गर्नुभयो भन्ने  सम्वन्धी संक्षिप्त कार्यअनुभव सहित आफ्नो परिचय दिन लगाउनुहोस् । | व्यक्तिगत प्रस्तुती | १५ मिनेट | |

| | | | |
|---|---|---|---|
| **क्रियाकलाप ३ : अपेक्षा संकलन**<br>● सहभागीहरुलाई प्रशिक्षणबाट गरिएको अपेक्षालाई मेटाकार्डमा लेख्न लगाउनुहोस् ।<br>● मेटाकार्डहरुलाई एक एक गरी पढ्दै ब्राउन पेपर वा बोर्डमा टाँस्नुहोस् ।<br>● आएका अपेक्षालाई एकै किसिमका आसय भएका कार्डलाई एकै ठाउमा राख्नुहोस् ।<br>● प्रशिक्षणको विषयवस्तु र सहभागीको अपेक्षा मिलान गर्नुहोस् ।<br>● सहभागीहरुबाट आएका अपेक्षाहरु के कति हदसम्म यस प्रशिक्षणले सम्बोधन गर्न सक्छ भन्ने प्रष्ट पार्नुहोस । | व्यक्तिगत लेखन | १५ मिनेट | मेटाकार्ड, मार्कर, पुस पिन, ग्लु स्टीक, मास्किग टेप, ब्राउन पेपर |
| **क्रियाकलाप ४ : विषयवस्तुको जानकारी**<br>● सहभागीहरुले ल्याएका अपेक्षाहरुलाई मिलान गर्दै प्रशिक्षणमा छलफल गरिने विषयवस्तुहरु जानकारी गराउनुहोस । | | ५ मिनेट | ब्राउन पेपर, मार्कर, न्यूजप्रिन्ट पेपर |
| **क्रियाकलाप ५ : समुह मान्यता, जिम्मेवारी आदि**<br>● प्रशिक्षण प्रभावकारीताको लागि हरेक दिनको प्रशिक्षण अवधिमा समूह मान्यतालाई सहभागीहरुसंग छलफल गरी न्यूजप्रिन्टमा लेखी पालना गर्न लगाउनुहोस ।<br>● आवश्यकता परेमा विभिन्न जिम्मेवारी बाडफाड (रिपोटिङ, समय व्यवस्थापक, मनोरञ्जनकर्ता आदि) गराउनुहोस् । | छलफल | ५ मिनेट | ब्राउन पेपर, मार्कर, न्यूजप्रिन्ट पेपर, पावरप्वाइन्ट स्लाइड |
| **क्रियाकलाप ६ : प्रशिक्षण पूर्व जानकारी**<br>● सहभागीहरुलाई अग्रीम रुपमा तयार पारिएको प्रि टेष्ट फाराम वितरण गर्नुहोस् ।<br>● उक्त फाराम कसरी भर्ने सबैलाई स्पष्ट पानुहोस् ।<br>● सबै सहभागीहरुबाट फाराम संकलन गरी सकेपछि यसबाट आएको नतिजालाई हामी प्रशिक्षणको अन्तमा गरिने पश्चात जानकारीको नतिजासँग तुलना गर्नेछौं भन्नुहोस । | प्रि टेष्ट | १० मिनेट | प्रि टेष्ट फाराम फाराम |
| **क्रियाकलाप ७ : प्रशिक्षणको साधारण उद्देश्य, निर्दिष्ट उद्देश्यहरु, प्रशिक्षण विधि र प्रशिक्षण तालिका**<br>● प्रशिक्षकले प्रशिक्षणको बारेमा फ्लिप चार्टमा तयार पारेको प्रशिक्षणको साधारण उद्देश्य, निर्दिष्ट उद्देश्य बारे बताउनुहोस ।<br>● प्रशिक्षणका विधिहरु जानकारी गराउनुहोस् ।<br>● प्रशिक्षण तालिकाको जानकारी तथा तालिका वितरण गर्नुहोस् । | प्रस्तुती | १० मिनेट | ब्राउन पेपर, फ्लीप चार्ट, प्रशिक्षण तालिका |
| **क्रियाकलाप ८ : सत्र संक्षेपीकरण र अग्रसम्वन्ध**<br>● समग्र प्रशिक्षण सहभागितामूलक ढंगबाट अगाडि बढ्ने कुराको अवगत् गराउनुहोस ।<br>● आगामी सत्र विपद जोखिम न्यूनीकरण र विपद् व्यवस्थापन सम्बन्धी गरिने कार्यहरु के के हुन भन्ने बारेम हुने जानकारी गराउनुहोस् । | | ५ मिनेट | |

## सत्र योजना

**मोडुल १ : आधारभूत मानविय मापदण्ड** सत्र : २
**विषय :** विपद जोखिम न्यूनीकरण र विपद् व्यवस्थापन समय : ९० मिनेट
**साधारण उद्देश्य :** विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन भित्र गरिने मुख्य ६ वटा कार्यहरुको वारेमा ज्ञानको अभिवृध्दि गर्ने
**निर्दिष्ट उद्देश्य :** सत्रको अन्तमा सहभागीहरुले :

- नेपालमा विपद जोखिमको अवस्था वारे बताउन सक्नेछन्
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा गरिने मुख्य ६ कार्यहरु वताउन सक्नेछन्
- विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनको फरक छुट्याउन सक्नेछन्

**सत्रका मुख्य विषयवस्तुः**

- नेपालमा विपद् जोखिमको अवस्था
- विपद न्यूनीकरण र व्यवस्थापन व्यवस्थापन
- विपद जोखिम न्यूनीकरण र विपद व्यवस्थापनमा फरक

| प्रशिक्षण - सिकाई क्रियाकलाप | सिकाई विधि | समय अवधि | प्रशिक्षण सिकाई सामाग्री |
|---|---|---|---|
| **क्रियाकलाप १ः सहभागीहरुको ध्यान आकर्षण**<br>• गृह मन्त्रालयले तयार गरेको विपद् सम्वन्धि भिडियो दोखाउनुहोस<br>• यस भिडियोमा के देख्नुहुन्छ भनी सामान्य छलफल गर्नुहोस् | स्लाइड सो | १० मि | गृह मन्त्रालयले तयार गरेको अद्यावधिक भिडियो |
| **क्रियाकलाप २ : सत्रको नाम, उद्देश्य र विषयवस्तु**<br>सत्रको नाम, **उद्देश्य**, विषयवस्तु र समय अविधी वताउने | स्लाइड प्रस्तुती | ५ मि | उद्देश्य लेखिएको स्लाइड |
| **क्रियाकलाप ३ : विषयवस्तु सम्बन्धी सहभागीहरुको बुझाई**<br>• सहभागीलाई तपाईहरुले नेपाल विपद् जोखिमको हिसावले कस्तो छ भनी प्रश्न गर्नुहोस<br>• सहभागीबाट आएका जवाफलाई ब्राउन पेपरमा टिप्दै जानुहोस ।<br>• सहभागीको विचारलाई संक्षेपीकरण गर्नुहोस र विषयवस्तुलाई अगाडि बढाउनुहोस । | प्रश्न उत्तर | ५ मिनेट | वोर्ड र वोर्ड मार्कर |

| | | | |
|---|---|---|---|
| **क्रियाकलाप ४:**<br>सहभागीलाई नेपालमा विपद् जोखिमको अवस्था वारे बताउनुहोस् र विपदको अवस्था आइरहन्छ यस्तो विपद्को अवस्थालाई प्रभावकारी व्यवस्थापन गर्नु पर्दछ भनी बताउनुहोस्<br>**स**हभागीहरुलाई विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन को स्लाइड देखाउनुहोस  जस्मा विपद जोखिम न्यूनीकरणमा ४ वटा रोकथाम, अल्पीकरण, अनुकूलन र पूर्वतयारी र विपद व्यवस्थापनमा पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ गरी ६ वटा मुख्य कार्यहरु उदाहरण सहित वताउनुहोस । पूर्वतयारी विपद जोखिम न्यूनीकरण र व्यवस्थापन दुवैको अंग हो भनी वताउनुहोस् | लघ प्रवचन | २० मिनेट | स्लाइड |
| **क्रियाकलाप ५:** सहभागीहरुलाई ६ समुहमा विभाजन गर्नहोस्<br>● समुह १ लाई रोकथाममा के के कार्यहरु हुन्छ ?<br>● समुह २ लाई अल्पीकरणमा के के कार्यहरु हुन्छ ?<br>● समुह ३ लाई अनुकूलनमा के के कार्यहरु हुन्छ ?<br>● समुह ४ लाई पूर्वतयारीमा के के कार्यहरु हुन्छ ?<br>● समुह ५ लाई प्रतिकार्यमा के के कार्यहरु हुन्छ ?<br>● समुह ६ लाई पुनर्लाभमा के के कार्यहरु हुन्छ ?<br><br>समुह सहभागीलाई १, २, ३, ४, ५ , ६ भन्न लगाई बनाउन सकिन्छ । | समुह अभ्यास | ३० मिनेट | न्यूज प्रिन्ट, मार्कर |
| **क्रियाकलाप ६:** समहुले तयार गरिसकेपछि प्रस्तुत गर्न लगाउनुहोस् | स्लाइड सो र लघु प्रवचन | १० मिनेट | |
| **क्रियाकला ७: संक्षेपीकरण**<br>सारांसमा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनमा  गरिने ६ वटा कार्यलाई वताउनुहोस | लघु प्रवचन | ३ मिनेट | संक्षेपीकरण नोट |
| **क्रियाकलाप ८: सत्र मूल्यांकन**<br>यस सत्रमा राखिएका निर्दिष्ट उद्देश्य हासिल भए कि भएनन थाहा पाउनको लागि सहभागीहरुलाई तलको प्रश्नहरु सोध्नुहोस<br>प्रश्न १ : प्रतिकार्यमा गरिने कार्यहरु के के हुन ?<br>प्रश्न २ : अल्पीकरण र पूर्वतयारीको एक वटा उदाहरण दिनुहोस् ?<br>प्रश्न ३ : Build, Back, Better भनेको के हो ? | क्विज | २ मिनेट | प्रश्नहरु |
| **क्रियाकलाप ९ :**<br>● सत्र मुल्यांकन पश्चात अब यस पछाडि को सत्रमा मानविय सिद्धान्त र मानविय सहयोग मापदण्डको ऐतिहासिक पक्ष वारेमा छलफल गर्दछौ भनी बताउने र<br>अध्ययन सामग्री सहभागीहरुलाई वितरण गर्नुहोस | छलफल | ५ मिनेट | |

## शेसन २ कालागि अध्ययन सामाग्रीहरु

## सत्र २: नेपालमा विपद् जोखिमको अवस्था र विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा गरिने कार्यहरु

**नेपालमा विपद् जोखिमको अवस्था**

नेपाल प्राकृतिक तथा मानव सृजित वहुप्रकोपहरुबाट प्रभावित देशहरु मध्ये पर्दछ । नेपाल सरकार गृह मन्त्रालयले तयार गरेको नेपाल विपद् प्रतिवेदन २०१७ अनुसार ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प र हिमताल विष्फोटन जस्ता प्रकोपहरुको जोखिममा रहेका छन् साथै नेपाल विश्वमा २० औं विपद् संकटासन्न राष्ट्र भित्र पर्दछ । यसका साथै उक्त प्रतिवेदनले भौगर्भिक प्रकोपका दृष्टिकोणले विश्वका जोखिमपूर्ण २१ शहरहरु मध्ये मानव प्रभावका दृष्टिले काठमाण्डौ उच्च जोखिममा रहेको शहर भनिएको छ ।

गृह मन्त्रालयको वेवसाइटमा राखिएको नेपालको जोखिम पार्श्वचित्र अनुसार नेपाल हिमालय श्रृंखलामा अवस्थित भएका कारण, याहांको भूवनोट र जलवायूको अवस्थाले गर्दा विपदको उच्च जोखिमम रहेको देश हो । यसका साथै नेपालमा वग्ने ६००० सानातिना खोला तथा नदीनालाहरु, २३१५ हिमतालहरु मध्ये १५ वटा फुटन सक्ने अवस्थामा रहेको, सक्रिय भूकम्पिय चिराहरुमा अवस्थित रहेको र अधिकांश भिरालो जमिनहरु रहेका कारण प्रकोपको घटनाले विपदको अवस्था सृजना गर्न सक्ने जोखिम उच्च रहेको छ ।

- भूकम्पीय जोखिममा ११ औं स्थानमा[1] (पहिलोमा आरमेनिया)
- बाढीको प्रकोपको जोखिममा ३० औं स्थानमा1 (पहिलोमा भेनेजुयला)
- जलवायू परिवर्तनको प्रभावको जोखिममा चौथौं स्थानमा 2 (पहिलोमा बंगालादेश)
- चट्यांङ्गको जोखिममा ५ औं स्थानमा 3
- समग्रमा विश्वमा नेपाल २० औं जोखिम स्थानमा 4
- जलवायू परिवर्तनले गर्दा तापक्रम वृध्दि जसले हिमताल फुटेर बाढीको जोखिम ४० प्रतिशतले बढाएको 5
- हिउंको संचिति २४ देखि २९ प्रतिशतले घटेको जसले पानीको उपलव्धतामा प्रभाव 6
- वि. सं. २०६५ सालमा चैत देखि भदौसम्म नेपालको मध्य तथा सुदूर पश्चिमी क्षेत्र झाडा पखालाको महामारीबाट प्रभावित भयो । करिब २८२ जनाले ज्यान गुमाए । १९ जिल्लामा झाडा पखालाको असर देखियो । जाजरकोट जिल्लामा मात्र करिब १२५०० व्यक्ति प्रभावित भए भने १२८ जनाले ज्यान गुमाए । यस्तै रूकुममा ४६ जनाले ज्यान गुमाए 7
- वि. सं. २०७१ आश्विन २८ गते नेपालको मनाङ र मुस्ताङ जिल्ला स्थित अन्नपूर्ण र धौलागिरी वरपरको क्षेत्रमा हिमपात सँगै श्रृंखलावद्द हिमपहिरो गयो । हिमपात र हिमपहिरोको कारण २१ जना पदयात्री सहित कम्तिमा ४३ व्यक्तिहरूको मृत्यु भयो 8
- नेपालको ७७ जिल्लाहरूमध्ये ४० जिल्लामा खडेरीको कारणले खाद्यान्नको अभाव 8

---

[1] A Global Report Reducing Disaster Risk, UNDP/BCPR

2, Nepal Disaster Report 2017, German watch Mapple Croft report 2011

3. You tube speech by Lightening Expert Shree Ram Sharma

4. Nepal Disaster Report 2017

5. क्लाइमेट एण्ड डेभ्लपमेन्ट नलेज नेटवर्क; नेपाल इन्सेप्सन रिपोर्ट फर इकनमिक एनालाइसिस फर क्लाइमेट चेन्ज इम्प्याक्टस् (२०१२),

6. क्लाइमेट एण्ड डेभ्लपमेन्ट नलेज नेटवर्क; नेपाल इन्सेप्सन रिपोर्ट फर इकनमिक एनालाइसिस फर क्लाइमेट चेन्ज इम्प्याक्टस् (२०१२)

7 National Disaster Risk Reduction Strategic Action Plan 2018-2030,

8. National Disaster Risk Reduction Strategic Action Plan 2018-2030,

२०१७ र २०१८ नेपालमा बहुप्रकोपबाट भएको क्षति

| क्र.स | प्रकोप | प्रकोपका घटना | मृत्यु | | | घाइते | प्रभावित परिवार | घरको क्षति | | आर्थिक क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | | | आंशिक | पूर्ण | |
| 1 | बाढी | 418 | 128 | 55 | 183 | 61 | 16196 | 14424 | 286 | 60944400 |
| 2 | पहिरो | 483 | 96 | 65 | 161 | 182 | 1083 | 149 | 328 | 191662000 |
| 3 | चट्यांङ्ग | 432 | 87 | 72 | 160 | 551 | 618 | 23 | 14 | 14687000 |
| 4 | आगलागी | 3973 | 74 | 76 | 150 | 557 | 6027 | 549 | 3234 | 6422638013 |
| 5 | शीत लहर | 48 | 26 | 22 | 48 | 0 | 48 | 0 | 0 | - |
| 6 | लेक लाग्ने | 45 | 37 | 4 | 41 | 6 | 46 | 0 | 0 | - |
| 7 | भीषण वर्षा | 342 | 8 | 22 | 30 | 84 | 538 | 193 | 252 | 89415160 |
| 8 | बन्यजन्तु आतंक | 141 | 14 | 8 | 22 | 69 | 280 | 136 | 8 | 4390150 |
| 9 | हावाहुरी | 254 | 7 | 12 | 19 | 84 | 1527 | 763 | 301 | 51447998 |
| 10 | डुंगा दुर्घटना | 10 | 9 | 7 | 16 | 9 | 27 | 0 | 0 | - |
| 11 | महमारी | 22 | 11 | 4 | 15 | 1881 | 420 | 0 | 0 | - |
| 12 | सर्प टोकाई | 18 | 7 | 7 | 14 | 5 | 18 | 0 | 0 | - |
| 13 | हीम आंधी | 2 | 10 | 0 | 10 | 0 | 10 | 0 | 0 | - |
| 14 | हीमपहिरो | 1 | 1 | 0 | 1 | 0 | 1 | 0 | 0 | - |
| 15 | असिना | 3 | 0 | 0 | 0 | 0 | 127 | 2 | 0 | 457000 |
| 16 | अन्य | 189 | 54 | 45 | 99 | 150 | 289 | 69 | 10 | 3181599 |
| | जम्मा | 6381 | 569 | 399 | 968 | 3639 | 27255 | 16308 | 4433 | 6,83,88,23,320 |

श्रोत : नेपाल सरकार गृह मन्त्रालयको वेवसाईट डिआरआर पोर्टल

**विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा गरिने कार्यहरु**

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा विशेष गरेर ६ वटा मुख्य कार्यहरु गरिन्छ।। विपद् हुनुअघि विपद् जोखिम न्यूनीकरणका कार्य गर्ने, विपद् भै हालेमा प्रभावकारी प्रतिकार्य गर्ने र विपद्ले क्षति पुरयाएका संरचनाहरुको Build, Back, Better सिध्दान्तको आधारमा पुनर्स्थापना तथा पुननिर्माण गर्नुपर्ने क्षमता भएमा मात्र स्थानीय तह, प्रदेश र संघिय सरकार उत्थानशील छ भन्ने पुष्टी गर्दछ अन्यथा संकटासन्न अवस्थामा छ भन्ने प्रष्ट हुन्छ।

यसरी विपद् जोखिम न्यूनीकरणमा रोकथाम, अल्पीकरण, अनुकूलन र पूर्वतयारी जस्ता कार्यहरु, विपद् भै हालेमा खोज तथा उध्दार र राहत र विपद् पश्चात पुनर्लाभका कार्यहरु जस्तै पुनर्स्थापना र पुननिर्माणका कार्यहरु गर्नुपर्दछ। सेण्डाई फ्रेमवर्कको चारवटा प्राथमिकताका क्षेत्रहरु पनि यी ६ वटा कार्यहरु भित्र पर्दछन् जस्मा जोखिमवारे सवैले वुझ्नु आवश्यक छ, विपद् जोखिमलाई विषयगत क्षेत्रहरुमा मुलप्रवाहीकरण गर्ने, विपद् जोखिम न्यूनिकरण गर्न लगानी गर्ने कार्यहरु छन् भने विपद् भएको अवस्थामा प्रभावकारी प्रतिकार्य र पुनर्स्थापनाका कार्यहरु Build, Back, Better सिध्दान्तको आधारमा गर्नुपर्दछ




माथिको डायग्राममा पूर्वतयारीलाई विपद् जोखिम न्यूनीकरण र विपद् व्यवस्थापन दुवैमा देखाइएको छ यस्को कारण पूर्वतयारीले विपद्को जोखिम पनि कम गर्छ र यो विपद्को व्यवस्थापन गर्नकोलागि पनि गरिन्छ। जस्तै यदि हामीले औषधीहरुको पूर्वभण्डारण गरयौ भने विपद्को समयमा औषधीको अभावले हुन सक्ने मृत्यु तथा घाइते हुन सक्ने जोखिम कम हुन्छ भने विपद् भै सकेपछि विपद् व्यवस्थापनकोलागि पनि सहयोग पुग्दछ। त्यस्तै पूर्व सूचना प्रणालीले समयमै सूचना दिने भएकोले क्षति हुन सक्ने जोखिम कम गर्दछ र विपद्को समयमा काहां वस्ने, कताबाट जाने कसरी जाने जस्ता विपद् व्यवस्थापनका कार्यहरु सहज हुन्छ।

### १. विपद् जोखिम व्यवस्थापन : (Disaster Risk Management)

Disaster risk management is the application of disaster risk reduction policies and strategies to prevent new disaster risk, reduce existing disaster risk and manage residual risk, contributing to the strengthening of resilience and reduction of disaster losses. UN ISDR 2017

नयां जोखिमलाई रोक्न, पहिला नै भएका जोखिलाई घटाउन र वांकी रहेको जोखिमलाई व्यवस्थापन गर्नकालागि विपद जोखिम न्यूनिकरणका नीतिहरु र रणनीतिहरुको प्रयोग जसले जोखिमको क्षतिलाई न्यूनिकरण गर्न र उत्थानशिलता बढाउन योगदान पुरयाउदंछ ।

### २. विपद् जोखिम न्यूनीकरण (Disaster Risk Reduction)

Disaster risk reduction is aimed at preventing new and reducing existing disaster risk and managing residual risk, all of which contribute to strengthening resilience and therefore to the achievement of sustainable development. UN ISDR 2017

विपद् जोखिम न्यूनीकरणको मुख्य उध्देश्य नयां जोखिमलाई रोक्ने, पहिला नै भएका जोखिलाई घटाउने र वांकी रहेको जोखिमलाई व्यवस्थापन गर्ने जसले समग्रमा उत्थानशिलतालाई बलियो वनाउंछ र दिगो विकास प्राप्ती गर्नकालागि योगदान पुरयाउंदछ ।

### ३. विपद् व्यवस्थापन (Disaster Management)

The organization, planning and application of measures preparing for, responding to and recovering from disasters. UN ISDR 2017

विपद्को प्रतिकार्यकालागि पूर्वतयारी गर्ने, विपद् भएमा प्रतिकार्य गर्ने र विपद पश्चात पुनर्स्थापनाका उपायहरु संगठित गर्ने योजना वनाउने र कार्यान्वयन गर्ने कार्य नै विपद् व्यवस्थापन हो ।

#### ३.१ रोकथाम (निवारण): Prevention

Activities and measures to avoid existing and new disaster risks.' UN ISDR 2017

- अहिले अवस्थित रहेको जोखिम र नयां विपदको जोखिम हुन नदिने क्रियाकलापहरु र उपायहरु

Annotations: Prevention (i.e., disaster prevention) expresses the concept and intention to completely avoid potential adverse impacts of hazardous events. While certain disaster risks cannot be eliminated, prevention aims at reducing vulnerability and exposure in such contexts where, as a result, the risk of disaster is removed. Examples include

- dams or embankments that eliminate flood risks,
- land-use regulations that do not permit any settlement in high-risk zones,
- seismic engineering designs that ensure the survival and function of a critical building in any likely earthquake and
- immunization against vaccine-preventable diseases. UN ISDR 2017

**<u>स्थानीय तहले गर्ने रोकथाम सम्वन्धि गर्ने कार्यहरु</u>**



- स्थानीय तहले गर्ने रोकथाम सम्वन्धि गर्ने कार्यहरु जस्तै बाढी तथा पहिरोको जोखिम स्थानमा घरहरु वनाउन नदिने नीति बनाउने, बाढी तथा पहिरोको जोखिम स्थानमा विधालयहरु वनाउन नदिने, बाढी तथा पहिरोको जोखिम स्थानमा भएका वस्तीहरु, संरचनाहरु स्थानान्तरण गर्ने, कमजोर संरचनाहरु वनाउन नदिने , बलिया संरचनाहरु जस्तै भूकम्प प्रतिरोधी घरहरु निर्माण गर्ने, गुणस्तरिय सामाग्रीहरु प्रयोग भए नभएको अनुगमन गर्ने, पक्की तटवन्धहरु निर्माण गर्ने, माहमारी फैलिन नदिन खोप कार्यक्रम संचालन गर्ने, भूउपयोग योजना बनाउने बिजुलीको तारबाट आगलागी हुन सक्ने स्थानमा पाइपले नांगो तारलाई पाइपले छोप्ने जस्ता कार्यहरु स्थानीय तहले गर्नुपर्दछ । यस चित्रमा भूकम्प प्रतिरोधी घर निर्माण गरिएको छ र भूकम्प आएता पनि घर भत्किन सक्ने संभावना कम रहेको छ ।

## ३.२ अल्पीकरण : Mitigation

The lessening or minimizing of the adverse impacts of a hazardous event. UN ISDR 2017

- **प्र**कोप तथा तद्जन्य विपद्को प्रतिकूल असरलाइ कम गर्ने वा सीमित तुल्याउने कार्यविधि नै अल्पीकरण हो ।
- प्रकोपका प्रतिकूल असरहरूलाई पूर्णतः निषेध गर्न नसकिएको अवस्थामा विभिन्न रणनीति तथा क्रियाकलापद्वारा उल्लेखनीय रुपमा कम गर्न सकिन्छ ।

**<u>स्थानीय तहले गर्ने अल्पीकरण सम्वन्धि गर्ने कार्यहरु</u>**

- अल्पीकरणका उपायहरूमा ईञ्जिनियरिङ्ग प्रविधि तथा प्रकोप-प्रतिरोधी निर्माण संरचना बनाउने जस्तै बाढी तथा पहिरो जाने स्थानमा तारजाली अथवा वांसको ठोकर लग ाउने, वोरामा बालुवा भरेर नदीकटानलाई रोक्ने, वृक्षारोपण गर्ने, जस्तै बाटो बनाउंदा वातावरणीय जोखिम विश्लेषण गर्नपने, नदी किनारमा वृक्षारोपण र जैविक तटवन्ध निर्माण गर्ने, वन संरक्षण नीति अपनाउने आदि कार्य पर्दछ । यस चित्रमा वस्ती तथा जमिनलाई जोगाउनको लागि वांसको छेकवार लगाएर विपदको असर कम गर्नलाई कार्य गरिएको छ । पूर्ण रुपमा बाढीको असर रोक्न नसकिए पनि क्षति कम भने हुन सक्छ । यसै गरेर अर्को चित्रमा पहिरोको रोकथामकोलागि छेकवार र वृक्षारोपणको कार्य गरी





विपद्को असर कम गर्न कार्य गरिएको छ । यस्ता कार्यले विपद्को असर पूर्ण रुपमा रोक्न नसकेपनि क्षति भने उल्लेख्य रुपमा कम गर्दछ ।

**अल्पीकरणका प्रकारहरु :**

**संरचनागत (Structural):** प्रकोपको प्रतिकुल असरहरु कम गर्न गरिने संरचनात्मक कार्यहरु जस्तै : वायोइन्जिनियरिङ. कार्य, पहिरो जाने स्थानमा वृक्षारोपण आदि ।

**गैर संरचनागत (Non-Structural)**: प्रकोपको असरहरु कम गर्न बनाइने नीति नियमहरु, जनचेतनामुलक कार्यक्रमहरु, तालिम गोष्ठी , वायोइन्जिनियरिङ. सम्वन्धि तालिम आदि ।

## ३.३ अनूकुलन : Adaptation

"जलवायु परिवर्तनका नकारात्मक असरहरू सँग घुलमिल हुनसक्ने गरी अर्थपूर्ण वातावरण सिर्जना गर्न गरिने कार्यहरु।"

**स्थानीय तहले अनुकूलन सम्वन्धि गर्ने कार्यहरु**

सुख्खा सहन सक्ने, डुवान सहन सक्ने प्रजातीको विउविजनहरु लगाउने, छिटो उत्पादन दिने कृषी वाली लगाउने,



वाली लगाउने प्रक्रियामाा परिवर्तन गर्ने , दुध डायरीहरु विकास गर्ने , नंया सीपहरु दिने, उन्नत जातका पशुपालनको विकास गर्ने,



पोखरीको निर्माण तथा पुराना पोखरीको पुर्ननिर्माण, आकाशे पानीको संकलन, खेर गएको पानीको पुन प्रयोग गर्ने, जलवायू अनुसारको खेती प्रणाली अपनाउने आदि । यस चित्रमा वर्षातको पानी संकलन गर्न प्लाष्टिक पोखरी निर्माण गरिएको छ ।

## ३.३ प्रतिकार्य : (Response)

Actions taken directly before, during or immediately after a disaster in order to save lives, reduce health impacts, ensure public safety and meet the basic subsistence needs of the people affected. UN ISDR 2017

विपद घटना भइरहेको बेला र तत्काल घटना पश्चात मानिसको जीवनरक्षा गर्न मानव स्वास्थ्यमा पर्न सक्ने असरहरूलाई न्यून गर्न र आम नागरिकलाई सुरक्षाको प्रत्याभूति दिनुका साथै प्रभावित व्यक्ति वा समुदायका लागि आधारभूत आवश्यकता परिपूर्ती गर्न सक्ने अवस्था सुनिश्चित गर्ने आपतकालीन सेवाहरू र सार्वजनिक सहायताका व्यवस्थाहरू गर्ने कार्य नै प्रतिकार्य हो ।

**विपद् प्रतिकार्य मूलतः**

- तत्काल एवं अल्पकालीन आवश्यक्ताहरूमा केन्द्रित रहन्छ
- कहिलेकाहिँ यसलाई "विपद् राहत" पनि भनिन्छ ।
- प्रतिकार्य चरण र तत्पश्चातको पुनर्लाभ चरण बीचमा ठयाक्कै सिमारेखा कोर्न गाह्रो छ ।
- जस्तो कि अस्थायी आवासको व्यवस्था तथा खानेपानी आपूर्ति जस्ता प्रतिकार्यका गतिविधिहरू पुनर्लाभको चरणमा समेत कार्यान्वित हुन्छन् ।

**विपद् भएमा**

- समुदायलाई साइरन, सिट्ठी, वा स्थानीय जानकारी दिने विधी प्रयोग गरेर छर-छिमेकलाई पनि सुरक्षित स्थानमा जान सूचना दिनुपर्छ ।
- आपतकालिन झोला बोकेर सुरक्षित ठांउमा जानुपर्छ ।
- गर्भवती महिला, सुत्केरी महिला, जेष्ठ नागकि, अपागंता भएका व्यक्ति, बाल-बालिका, रोगी र अशक्त मानिसलाई विशेष सहयोग गरी सुरक्षित ठांउ तर्फ लैजानुपर्छ ।
- प्रकोप भएको समयमा पूर्वतयारीका सामान प्रयोग गरी उद्धारमा लाग्नुपर्छ ।
- हराएका मानिसको खोजी गर्नुपर्छ ।
- आपतकालिन राहत वितरणमा कसैमाथि भेदभाव नहोस भनेर ध्यान दिनुपर्छ ।
- पिडितलाई सान्त्वना दिने र धैर्य दिने खालका कार्यक्रम सञ्चालन गर्नुपर्छ ।
- सिकिस्त बिरामीका लागि छुट्टै पाल वा कोठाको व्यवस्था गरी आपतकालिन उपचारको व्यवस्था मिलाउनुपर्छ ।
- प्रकोपबाट भएको जन-धनको क्षतिबारे सकेसम्म छिटो सुरक्षा निकाय, सरकारी निकाय र सहयोगी संघसंस्थालाई सही जानकारी दिएर सहयोगका लागि आग्रह गर्नुपर्छ ।






**स्थानीय तहले प्रतिकार्य सम्वन्धि गर्ने कार्यहरु**

| खोज तथा उध्दार सम्वन्धि कार्यहरु | राहत सम्वन्धि कार्यहरु | संरक्षण सम्वन्धि |
|---|---|---|
| • सुरक्षा निकायसंग वा तालिम प्राप्त खोज तथा उद्दार व्यक्ति संग समन्वय गरी विपद्मा परेकाहरुलाई बचाउने, उध्दार गर्ने<br>• भूकम्प, बाढी पहिरोबाट भत्किएका संरचनाहरुमा पुरिएकाहरु, वगाएकाहरु, आगलागीमा परेकाहरु लाई खोजी गरेर पत्तालगाई उनीहरुको जीवन रक्षाकोलागि सुरक्षित स्थानमा ल्याउने<br>• घाइतेहरुको प्राथमिक उपचार गर्ने र सिकिस्त घाइतेहरुलाई तुरुन्त अस्पताल पुरयाउने व्यवस्था मिलाउने | • विपद्बाट प्रभावित भएकाहरूको लागि आधारभूत आवश्यकता ( खाद्यान्न, लत्ताकपडा, पानी, प्राथमिक उपचार, स्वास्थ्य सेवा, बसोबास, सुरक्षा, मनोसामाजिक परामर्श सेवा) का सामाग्रीहरु उपलब्ध गराउने<br>• राहत सामाग्रीहरु वितरण गर्दा स्फेयर मापदण्ड अनुसार वितरण गर्ने साथै मौसम अनुसार, उमेर अनुसार, अपांगता अनुसार, संस्कृती अनुसार राहत सामाग्री वितरण गर्ने | • महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकको संरक्षणको व्यवस्था मिलाउने<br>• महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकको दुर्व्यवहार, शोषण, वेचविखन, हुनबाट जोगाउने<br>• |

| | | |
|---|---|---|
| • मृतकहरुको शव व्यवस्थापन गर्ने र मृतक पशुचौपायाको व्यवस्थापन गर्ने<br>• अवरुध्द सडकहरु डोजर प्रयोग गरी खुलाउने<br>• गर्भवती, सुत्केरी महिला, वालवालिका, अपांगता भएका व्यक्तिहरु र जेष्ठ नागरिकलाई विशेष प्राथमिकता दिई खोज तथा उध्दार गर्ने | • राहत सामाग्रीहरु गुणस्तरिय, मिति नसकिएको र राम्ररी प्याकिङ. गरिएको वितरण गर्ने साथै वितरण गरिएका सामाग्रीहरुको प्रयोग कसरी गर्ने भन्ने वारेमा जनचेतना फैलाउने । जस्तै खानेपानी शुध्दिकरणकालागि पियुष वितरण गर्छौ भने कति पानीमा कति पियुष राख्नुपर्छ भन्ने सिकाउने<br>• अस्थायी सिकाई केन्द्रहरु तयार गरी आपतकालिन शिक्षा संचालन गर्ने | |

**३.३ पूर्वतयारी : (Preparedness)**

The knowledge and capacities developed by governments, response and recovery organizations, communities and individuals to effectively anticipate, respond to and recover from the impacts of likely, imminent or current disasters. UN ISDR 2017

संभावित वा हालको प्रकोप घटना अथवा प्रकोप अवस्थाका असहरूको प्रभावकारी ढंगले पूर्वानुमान गर्न सक्ने, प्रतिकार्य गर्नसक्ने र त्यसबाट पुनर्लाभ लिन सक्ने सरकारी निकाय, प्रतिकार्य तथा पुनर्लाभमा काम गर्ने संस्था, समुदाय र स्वयं व्यक्तिहरूद्वारा विकसित ज्ञान तथा क्षमता ।

**मुख्य पूर्वतयारीका कार्यहरु**

१. निरन्तर समन्वय वैठक संचालन गर्ने :

- स्थानीय तथा वडा विपद् व्यवस्थापन समितिको
- क्लष्टर समुह स्तरमा




२. समुदायको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायू परिवर्तन अनुकूलन जोखिम लेखाजोखा गर्ने र नगर तथा गाउ नगर पालिकास्तरमा जोखिमको पहिचान गर्ने

३. आधारभुत मापदण्डका विधिहरु तथा नितिगत निर्देशिकाहरु नगर  तथा गाउं नगरपालिकां स्तरमा छन् भन्ने सुनिश्चित गर्ने जस्तै :

- मिरा र यसको फर्मेट
- स्फेयरका मापदण्डहरु
- आइसी सामाग्रीहरु र सूचना प्रवाहकालागि सन्देशहरु
- विपद पूर्वतयारी र प्रतिकार्यकालागि राष्ट्रिय स्तरका निर्देशिकाहरु

४. बहु क्षेत्रगत आकस्मिक योजना, विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने र अधावधिक गर्दै लैजाने
५. नगर तथा गाउंपालिका स्तरमा भएका श्रोत साधनहरुको नक्शांकन गर्ने ( आर्थिक रकम, आकस्मिक समयमा प्रदान गरिने सामाग्रीहरु र मानविय श्रोत) र आवश्यकता अनुसार भण्डारण गर्ने
६. सूचना व्यवस्थापन, क्षेत्रगत कार्यक्रमकोलागि द्धितिय सूचनाको संकलन

७. पूर्व सूचना प्रणालीको विकास तथा जडान
८. क्लष्टर समुहद्धारा आपतकालिन अवस्थामा वितरण गरिने सामाग्रीहरुको विपद पूर्व नै संकलन र भण्डारण गर्ने

- आकस्मिक अवस्थामा वितरण गरिने सामाग्रीहरु : खाद्द र गैर खाद्द
- सूचना, शिक्षा तथा संचार सामाग्रीहरु, पम्पलेट,पोस्टर र व्रोसर

९. विपद सर्म्पक व्यक्तिहरुको तलका विषयमा क्षमता अभिवृध्दि तालिम

क. विपद् लेखाजोखाका विधिहरु (इरा,मिरा, सिएसडिए र पिडिएनए)
ख. आकस्मिक प्रतिकार्यकालागि स्फेयर मापदण्डहरु
ग. सूचना, शिक्षा तथा संचार सामाग्रीहरु र सन्देशहरु
घ. विपद पूर्वतयारी र प्रतिकार्यकालागि राष्ट्रिय स्तरका निर्देशिकाहरु
ङ. समन्वय

१०. नमुना अभ्यास, सीप विकास र समुदायमा सचेतना कार्यक्रम जस्तै पौडी खेल्न सिकाउने, भूकम्प आउंदा कसरी सुरक्षित रहने तरिका सिकाउने। प्रस्तुत चित्रमा वालवालिकाहरुलाई सानो उमेरमा नै पौडी खेलाउन सिकाएमा डुवान हुने क्षेत्रमा पछि हुन सक्ने क्षतिलाई कम गर्न सकिन्छ।

**<u>स्थानीय तहले पूर्वतयारी सम्वन्धि गर्ने कार्यहरु</u>**

- स्थानीय तहले विपद पूर्वतयारी र प्रतिकार्य योजना बनाउने
- वडा स्तरिय विपद व्यवस्थापन समिति वनाउने
- खोज तथा उध्दार, प्राथमिक उपचार, स्वास्थ्य उपचार आगलागी नियन्त्रण गर्न सक्ने, पौडिन सक्ने, मनोसामाजिक परामर्श दिन सक्ने, राहत वितरण गर्न सकने, संरक्षण सम्वन्धि तालिम प्राप्त जनशक्ति तयार गर्ने
- प्रत्येक वडामा भण्डार गृह तयार गर्ने आवश्यक पर्ने खोज तथा उध्दारका सामाग्री जस्तै डोरी, लाइफ ज्याकेट, पिक, सावेल, घन, वन्चरो, फायर वल, र खाद्द, गैर खाद्द, खानेपानी, स्वास्थ्य र पोषण सम्वन्धि राहत वितरणका सामाग्रीहरु भण्डारण जस्तै चाउचाउ, विस्कुट, भुजिया, दाल, चामल, नून, तेल, लत्ताकपडा, पकाउने भांडाकुंडाहरु, पियुष, अक्वागार्ड, क्लोरिन, फस्ट एड वक्स, आदि



- सवै सार्वजनिक भवनहरुमा आपतकालिन अवस्थामा बाहिर निस्कने मार्ग र सुरक्षित भेला हुने स्थान पहिचान गरी राख्ने
- भूकम्प, आगलागी, बाढी, पहिरोको वारेमा नमुना अभ्यास गर्ने
- स्फेयर मापदण्ड र मिरा सम्वन्धि पदाधिकारी र कर्मचारीलाई तालिम दिने

### ३.३ पुनर्लाभ (Recovery)

The restoring or improving of livelihoods and health, as well as economic, physical, social, cultural and environmental assets, systems and activities, of a disaster-affected community or society, aligning with the principles of sustainable development and "build back better", to avoid or reduce future disaster risk. UN ISDR 2017

- विपद् प्रभावित समुदायमा आधारभूत सुविधाहरू एवं जीविकोपार्जनका उपायहरू र माध्यमहरूको संभव भएसम्मको पुनर्स्थापना तथा सुधार। यस अन्तर्गत जोखिमका कारक तत्वहरूको न्यूनीकरणका प्रयासहरू समेटिन्छन्।
- पुनर्वास तथा पुनर्निर्माणका पुनर्लाभ कार्य आपत्कालीन अवस्थाको अन्त्यसँगै तुरुन्तै शुरु हुन्छन्। यो कार्य पुनर्लाभको संस्थागत जिम्मेवारीलाई सहज एवं जनसहभागितालाई सुदृढ र सक्षम बनाउने उद्देश्यले तय गरिएका पूर्ववत रणनीति र नीतिहरूमा आधारित हुनुपर्दछ।
- विपदको समयमा मानिसहरुको जिविकोपार्जनको आधार तहसनहस भएको हुन्छ। भौतिक संरचनाहरु भत्केको, नष्ट भएको हुन सक्छ। सेवा सुविधाहरु अवरुध्द भएको हुन्छ। अन्नवालीहरु, संचित खाद्द पदार्थहरु नष्ट भएका हुन्छन। त्यसैले पुर्नस्थापना तथा पुर्ननिर्माणका कार्यहरु संचालन गर्न पर्दछ।
- पुर्नस्थापना तथा पुर्ननिर्माणका कार्यहरुमा समुदायको सहभागिता शुरुदेखि नै जरुरत पर्दछ। पुर्नलाभका कार्यहरु गर्दा दिगो विकास, क्षमता विकास र पहिलेको भन्दा अझ राम्रो गरी बनाउने कार्य गर्न पर्दछ। Build, Back, Better को अवधारणा अर्न्तगत पुर्नलाभका कार्यहरु संचालन गर्न पर्दछ।

### ३.३ पुनःस्थापना (Rehabilitation)

The restoration of basic services and facilities for the functioning of a community or a society affected by a disaster. UN ISDR 2017

- मानव जीवन तथा सेवा सुविधाहरु जस्तै खानेपानी, विजुली, बाटो, संचार, यातायात मर्मत तथा नयां निर्माण गरी जनजिवनलाई पहिलेकै अवस्थामा ल्याउन गरिने कार्यहरु।
- विपदपछि समुदायको अवस्थालाई पूर्वाअवस्थामा ल्याउन गरिने कार्यलाई पुर्नस्थापना भनिन्छ।
- यसमा सामान्य क्षति भएको घरको मर्मत संभार, रोजगारी वा आय आर्जनको बैकल्पिक व्यवस्था, सार्वजानिक तथा निजी भौतिक संरचनाको मर्मत संभार गरेर प्रयोगयोग्य वनाउने कार्य पर्दछन्।
- मनोसामाजिक परामर्श पनि पुर्नलाभको समयमा आवश्यक पर्दछ। प्रस्तुत चित्रमा प्रकोपको कारण विस्थापित परिवारहरुलाई पुनर्स्थापना गरिएको छ।



### ३.३ पुनर्निर्माण (Reconstruction)

The medium- and long-term rebuilding and sustainable restoration of resilient critical infrastructures, services, housing, facilities and livelihoods required for the full functioning of a community or a society affected by a disaster, aligning with the principles of sustainable development and "build back better", to avoid or reduce future disaster risk. UN ISDR 2017



▶ विपदबाट क्षतिग्रस्त भएका भौतिक संरचनाको स्थायी निर्माण गर्न सवै प्रकारका सेवा र आधारभूत संरचनालाई पूर्णतया पहिलेकै अवस्थामा ल्याउन र प्रभावित क्षेत्रका मानिसहरुलाई कृषि लगायतका आर्थिक क्षेत्रमा सहज गर्न सम्पूर्ण कार्यलाई पुर्ननिर्माण भनिन्छ ।

▶ विपदबाट पीडित समुदायमा आपतकालिन सेवाहरुको सञ्चालन पश्चात पुननिर्माण कार्य सञ्चालन गरिन्छ।

▶ पुननिर्माण कार्य भविष्यमा हुन सक्ने प्रकोपको असरालाई समेत ध्यानमा राखी समुदायको पहिलेको अवस्था भन्दा एक कदम अगाडी बढेर कार्यक्रम सञ्चालन गरिन्छ । प्रस्तुत चित्रमा प्रकोपबाट भत्किएको घरलाई पहिलेको भन्दा अझ वलियो अवधारणा अर्न्तगत पुननिर्माण गरिएको छ।

## ३.३ Principle of Build, Back, Better

१. विगतका अनुभवबाट सिक्ने र भविष्यमा हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्ने वा हटाउने
२. सम्वन्धित संस्थाहरु प्रभावितहरुले चाहेको सहयोगकोलागि जिम्मेवार तथा जवाफदेही हुनैपर्छ
३. विपदले प्रभावित भएकाहरु नै निर्णयकर्ता हुनुपर्छ : उनहरुलाई के चाहिन्छ , कति चाहिन्छ, कसलाई चाहिन्छ
४. स्थानिय अर्थतन्त्र र जिविकोपार्जन लाई प्राथमिकता दिनुपर्छ
५. पुर्नस्थापना र पुर्ननिर्माण गर्दा विविधतालाई महत्व दिनुपर्दछ , भाषा, धर्म, संस्कृती, पेशा
६. प्रभावित समुदायलाई सकभर आफनो स्थानिय श्रोत साधनको प्रयोग गर्न दिइनु पर्दछ।
७ पुर्नस्थापना र पुर्ननिर्माण गर्दा भविष्यमा हुन सक्ने प्रकोप र त्यसको जोखिमलाई ध्यान दिएर गरिनु पर्दछ । जोखिम कम गर्ने गरी निर्माण गरिनु पर्दछ ।

## स्थानीय तहले पूनर्लाभ सम्वन्धि गर्ने कार्यहरु

- बिग्रेका भत्केका संरचनाहरु जस्तै भवन, विधालय भवन, खानेपानी संरचना, सिंचाई कुलो, विधुत गृह, बाटो अदि लाई अझ राम्रो वलियो निर्माण गर्ने र नयां जोखिम हुन नदिने
- प्रभावितहरुकोलागि जिविकोपार्जन सम्वन्धि सीपहरु दिने र आयआर्जन क्रियाकलापमा सहयोग गराउने
- प्रभावितहरुकोलागि अनुदान तथा ऋृण सहयोग दिने
- प्रभावितहरुको विमा गरकेको छ भने विमा रकम उपलव्ध गराउन सहयोग गर्ने
- प्रभावितहरुलाई आवश्यकता अनुसार विभिन्न तहकको मनोसामाजिक परामर्श सेवा दिने वा औषधी उपचारमा सहयोग गर्ने
- महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकको संरक्षणको व्यवस्था मिलाउने

# शेसन २ कालागि प्रस्तुतीका स्लाइडहरु

## नेपालमा विपद्जोखिमको अवस्था

- नेपाल एक विपद्प्रभावित देश हो
- प्रत्येक वर्ष ५०० भन्दा बढी प्रकोपका घटनाहरु हुने गर्दछ।
- प्रत्येक वर्ष करीव १००० मानिसहरु विपदका घटनामा परी मृत्यु हुने गर्दछ
- **भूकम्पीय जोखिममा ११ औं स्थानमा**
- **बाढी तथा पहिरोको प्रकोपको जोखिममा ३० औं स्थानमा**
- **जलवायू परिवर्तनको प्रभावको जोखिममा चौथौं स्थानमा**
- **समग्रमा विश्वमा नेपाल २० औं जोखिम स्थानमा**
- **जलवायू परिवर्तनले गर्दा तापक्रम वृध्दि जसले हिमताल फुटेर बाढीको जोखिम ४० प्रतिशतले बढाएको**
- **नेपालको ७५ जिल्लाहरूमध्ये ४० जिल्लामा खडेरीको कारणले खाद्यान्नको अभाव**

• Source: DRR Report 2019, MOHA. Climate and development knowledge network

3

## नेपालमा २०१७ र २०१८ मा विपद्बाट भएको क्षति

| क्र.स | प्रकोप | प्रकोपका घटना | मृत्यु | | | घाइते | प्रभावित परिवार | घरको क्षति | | आर्थिक क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पु | महिला | जम्मा | | | आंशिक | पूर्ण | |
| 1 | बाढी | 418 | 128 | 55 | 183 | 61 | 16196 | 14424 | 286 | 60944400 |
| 2 | पहिरो | 483 | 96 | 65 | 161 | 182 | 1083 | 149 | 328 | 191662000 |
| 3 | चट्यांङ्ग | 432 | 87 | 72 | 160 | 551 | 618 | 23 | 14 | 14687000 |
| 4 | आगलागी | 3973 | 74 | 76 | 150 | 557 | 6027 | 549 | 3234 | 6422638013 |
| 5 | शीत लहर | 48 | 26 | 22 | 48 | 0 | 48 | 0 | 0 | - |
| 6 | लेक लाग्ने | 45 | 37 | 4 | 41 | 6 | 46 | 0 | 0 | - |
| 7 | भीषण वर्षा | 342 | 8 | 22 | 30 | 84 | 538 | 193 | 252 | 89415160 |
| 8 | बन्यजन्तु आतंक | 141 | 14 | 8 | 22 | 69 | 280 | 136 | 8 | 4390150 |
| 9 | हावाहुरी | 254 | 7 | 12 | 19 | 84 | 1527 | 763 | 301 | 51447998 |
| 10 | डुंगा दुर्घटना | 10 | 9 | 7 | 16 | 9 | 27 | 0 | 0 | - |
| 11 | महमारी | 22 | 11 | 4 | 15 | 1881 | 420 | 0 | 0 | - |
| 12 | सर्प टोकाई | 18 | 7 | 7 | 14 | 5 | 18 | 0 | 0 | - |
| 13 | हीम आंधी | 2 | 10 | 0 | 10 | 0 | 10 | 0 | 0 | - |
| 14 | हीमपहिरो | 1 | 1 | 0 | 1 | 0 | 1 | 0 | 0 | - |
| 15 | असिना | 3 | 0 | 0 | 0 | 0 | 127 | 2 | 0 | 457000 |
| 16 | अन्य | 189 | 54 | 45 | 99 | 150 | 289 | 69 | 10 | 3181599 |
| | **जम्मा** | **6381** | **569** | **399** | **968** | **3639** | 27255 | **16308** | **4433** | **6,83,88,23,320** |

Source: MOHAwebsite, DRR Portal

# विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन




## रोकथाम




## अल्पीकरण





बायो इन्जिनियरिङ्ग कार्य

## अनुकूलन







## पूर्वतयारी





## खोज तथा उध्दार र राहत वितरण





| | |
|---|---|
| पूनर्स्थापना र पूननिर्माण<br><br><br><br><br><br> | **विपद् जोखिम न्यूनीकरण**<br>**विपद् जोखिम न्यूनीकरणभन्नाले मुलतः तीन कुरालाई बुझ्नु पर्दछ**<br>• विकासका काम गर्दा नयां थप जोखिम हुन नदिने<br>• पहिले नै भएको जोखिमलाई घटाउने र<br>• वांकी रहेको जोखिमलाई व्यवस्थापन गर्ने जस्कोलागि पूर्वतयारी गर्ने<br><br>निवारण, अल्पीकरण, पूर्वतयारी र अनुकूलनका कार्यहरुबाट विपद्को जोखिम उल्लेख्य मात्रामा घटाउन सकिन्छ |
| **जलवायू परिवर्तन अनूकुलन :**<br>"जलवायु परिवर्तनका नकारात्मक असरहरू सँग घुलमिल हुनसक्ने गरी अर्थपूर्ण वातावरण सिर्जना गर्न गरिने कार्यहरु" | विपद् व्यवस्थापन<br><br>विपद्को प्रतिकार्यकालागि पूर्वतयारी गर्ने, विपद्भएमा प्रतिकार्य गर्ने र विपद पश्चात पुनर्स्थापनाका उपायहरु संगठित गर्ने योजना वनाउने र कार्यान्वयन गर्ने कार्य नै विपद्व्यवस्थापन हो ।<br><br>11 |
| | |

## सत्र योजना

**मोडुल १ : आधारभूत मानविय मापदण्ड** सत्र: ३

समय: ९० मिनेट

**विषय : विपद व्यवस्थापन र मानविय सहयोग सम्वन्धि नीतिगत व्यवस्था**

साधारण उद्देश्य : यस सत्रको अन्तमा सहभागीहरुले नेपालको संविधान र ऐनमा व्यवस्था भए अनुसार विपद् व्यवस्थापन र मानविय सहयोग सम्वन्धि नेपाल सरकारको नीति नियम, कानून, ढांचाहरु र मापदण्डहरु बताउन सक्नेछन्

निर्दिष्ट उद्देश्यहरु : सत्रको अन्तमा सहभागीहरुले :

1. नेपालको संविधानमा उल्लेख भएका विपद् व्यवस्थापन सम्वन्धि प्रावधानहरु बताउन सक्नेछन्
2. स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको विपद् व्यवस्थापन र मानविय सहयोग सम्वन्धि काम, कर्तव्य र अधिकार वताउन सक्नेछन् ।
3. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन २०७४ मा स्थानीय तहको विपद् व्यवस्थापन र मानविय सहयोग काम, कर्तव्य र अधिकार वताउन सक्नेछन् ।
4. नेपाल सरकारको राहत मापदण्ड सम्वन्धि व्यवस्थाहरु बताउन सक्नेछन्

**सत्रका मुख्य विषयहरु :**

- नेपालको संविधानमा विपद व्यवस्थापन सम्वन्धि व्यवस्था
- स्थानीय सरकार संचालन ऐन २०७४ मा विपद व्यवस्थापन र मानविय सहयोग सम्वन्धि स्थानीय तहको काम, कर्तव्य, अधिकार
- विपद जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन २०७४ र विपद व्यवस्थापन र मानविय सहयोग
- नेपाल सरकारको राहत मापदण्ड सम्वन्धि व्यवस्थाहरु

| प्रशिक्षण - सिकाई क्रियाकलाप | सिकाई विधि | समय अवधि | प्रशिक्षण सिकाई सामाग्री |
|---|---|---|---|
| **क्रियाकलाप १: सहभागीहरुको ध्यान आकर्षण**<br>● सहभागीहरुको ध्यान आकर्षण गर्न Logical exercise देखाउने र छलफल गराउनुहोस् ।<br>● सिकाइ बारे स्पष्ट गराउनुहोस् । | प्रश्न उत्तर | १० मिनेट | पावरप्वाइन्ट स्लाइड |
| **क्रियाकलाप २ : सत्रको नाम, उद्देश्य र विषयवस्तु**<br>सत्रको नाम, उद्देश्य, विषयवस्तु र समय अवधी वताउनुहोस । | स्लाइड प्रस्तुती | ५ मिनेट | मेटा कार्डमा सत्रको नाम, उध्देश्य, विषयवस्तु लेखिएको मेटाकार्ड |
| **क्रियाकलाप ३ : विषयवस्तु सम्बन्धी सहभागीहरुको बुझाई**<br>● विपद् व्यवस्थापन र मानविय सहयोग सम्वन्धि कार्यहरु गर्नका लागि कुन कुन ऐन कानूनहरु व्यवस्था गरिएको छ भनी छलफल चाउनुहोस् ।<br>● सहभागीहरुबाट आएका कुराहरुलाई टिपोट गर्नुहोस ।<br>● सहभागीहरुको विचारहरुलाई मन्थन गर्दै विषयवस्तुहरु अगाडि बढाउनुहोस् । | प्रश्न उत्तर | ५ मिनेट | न्यूज प्रिन्ट, मार्कर, मास्किङ्ग टेप |

| | | | |
|---|---|---|---|
| **क्रियाकलाप ४ : समुह कार्य**<br>***खण्ड क***<br>▪ प्रत्येक समुहमा ५ जना हुने गरि सहभागीहरुलाई ५ समुहमा विभाजन गर्नु होस् र निम्नानुसार कार्य दिनुहोस् ।<br>▪ **पहिलो समुह** लाई नेपालको संविधानमा विपद् व्यवस्थापन सम्वन्धि भएका व्यवस्थाहरु<br>▪ **दोस्रो समुह** लाई स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले विपद व्यवस्थापन र मानविय सहयोग सम्वन्धि गर्नुपर्ने काम, कर्तव्य अधिकारहरु<br>▪ **तेश्रो समुहले** विपद् जोखिम न्यनीकरण र व्यवस्थापनमा विपद् व्यवस्थापन र मानविय सहयोग मापदण्ड सम्वन्धि व्यवस्थापन<br>▪ **चौथो समुहले** नेपाल सरकारको राहत सम्वन्धि मापदण्डमा भएका व्यवस्थाहरु<br>▪ **पाचौ समुहलाई** ...<br>▪ प्रत्येक समुहलाई आ आफ्नो विषयबस्तुमा छलफल गरी विपद् व्यवस्थापन र मानविय सहयोग मापदण्ड सम्वन्धमा सम्वन्धित कानूनी प्रावधान बारे प्रष्ट हुन अनुरोध गर्नुहोस् ।<br>▪ आवश्यकता अनुसार आ आफ्नो संक्षिप्त नोट पनि टिप्न अनुरोध गर्नुहोस् ताकी पछि अरुलाई सो सम्वन्धमा बुझाउन सकियोस् ।<br>▪ प्रशिक्षकले प्रत्येक समुहमा गएर सहभागीहरुले राम्रोसँग बुझेको हो वा होइन चेक गर्नुहोस् । | छलफल | २५ मिनेट | संविधान र ऐन अनुसार अधिकार, काम, कर्तव्य लेखिएको अभ्यास पत्रहरु |
| **क्रियाकलाप ५ :**<br>खण्ड ख<br>▪ प्रत्येक सहभागी आआफ्नो समुहको विषयवस्तुमा प्रष्ट भईसकेपछि प्रत्येक समुहवाट एक एक जना सहभागी हुने गरी नयाँ ५ जनाको ५ समुह (Cross Group) पुनः बनाउनुहोस् ।<br>▪ हरेक नयाँ समुहमा प्रत्येक सदस्यले आफुले पहिलो समुहमा सिकेका कुराको वर्णन गरी अन्य सदस्यहरुलाई सो विषयमा प्रष्ट पार्न लगाउनुहोस् ।<br>▪ प्रष्ट पार्दा सहभागीहरुले अध्ययन सामग्री पढेर भन्दा आफुले बुझेको कुरा साटासाट गर्न लगाउनसहोस् ।<br>▪ यसरी भनेका कुराहरु अन्य सहभागहरुले आ आफ्नो **अभ्यास पत्र**मा लेख्न लगाउनुहोस् ।<br>▪ सहजकर्ताले प्रत्येक समुहमा गएर सहभागीहरुले राम्रोसँग बुझेको हो वा होइन चेक गर्नुहोस् । | समुह कार्य र छलफल | २० मिनेट | न्यूज प्रिन्ट, मार्कर, अभ्यास पत्र |

| | | | |
|---|---|---|---|
| **क्रियाकलाप ६:**<br>▪ यसरी cross group पनि सकि सकेपछि सहभागीहरुमा अझै थप स्पष्ट गर्न प्रश्नहरु गर्ने जस्तै विपद् व्यवस्थापन र मानविय सहयोग मापदण्ड सम्वन्धि प्रावधान नेपालको संविधानमा, स्थानीय सरकार संचालन ऐन, विपद जोखिम न्यूनिकरण र व्यवस्थापन ऐन २०७४, राहत मापदण्डमा काहं गरेको छ भन्नुहोस<br>▪ सहजकर्ताले तयार गरेर ल्याएको विषयको स्लाइड आवश्यकता अनुसार छलफल गरी थप प्रष्ट गराउने। | स्लाइड प्रस्तुती | १५ मिनेट | |
| **क्रियाकलाप ७ : सत्र मूल्यांकन**<br>यस सत्रमा राखिएका निर्दिष्ट उद्देश्यहरु हासिल भए कि भएनन् भनेर थाहा पाउनको लागि सहभागीहरुलाई निम्न प्रश्नहरु गर्नुहोस ।<br>▪ स्थानीय सरकार संचालन ऐनमा भएका ३ वटा विपद् व्यवस्थापन सम्वन्धि काम, कर्तव्य, अधिकार के के हुन ?<br>▪ विपद जोखिम न्यूनिकरण र व्यवस्थापन ऐन अनुसार स्थानीय विपद व्यवस्थापन समितिले के के सामाग्रीहरु भण्डारण गरेर राख्नुपर्दछ ? | प्रश्न उत्तर | ५ मिनेट | पहिला नै तयार गरिएको प्रश्नहरु |
| **क्रियाकलाप ८ : अग्र सम्बन्ध र अध्ययन सामग्री वितरण**<br>▪ सत्रको उद्देश्य पुरा भयो भएन छलफल गर्नहोस ।<br>▪ अध्ययन सामग्री वितरण गर्नुहोस ।<br>▪ अर्को विषय विशेष गरेर मानविय सिद्धान्त र मानविय सहयोग मापदण्ड सम्वन्धि हुनेछ भनी बताउनुहोस | छलफल | ५ मिनेट | सत्रको उद्देश्य तयार गरिएको स्लाइड |

**शेसन ३ का लागि अध्ययन सामाग्रीहरु**

## विपद व्यवस्थापन र आधारभूत मानविय मापदण्ड सम्वन्धि नीतिगत व्यवस्था

नेपालको संविधानको भाग ३ को धारा १६ मा सम्मानपूर्वक वांच्न पाउने हक सुरक्षित गरेको छ। सवै नेपालीले जस्तोसुकै अवस्थामा पनि सम्मानपूर्वक वांच्न पाउने उस्को अधिकार हो । विपद्को समयमा पनि सवै नागरिकले सम्मानपूर्वक वांच्न पाउने र सम्मानपूर्वक उद्धार र राहत पाउने अधिकार रहन्छ । दया, माया भावले कसैलाई पनि राहत दिने कार्य गर्नुहुदैन र विपद्को समयमा राहत पाउनु उनीहरुको अधिकारको कुरा हो भन्ने सवैले बुझ्न जरुरी छ ।

यसका साथै नेपालको संविधानमै विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन सम्वन्धि कार्य गर्नुपर्ने विषयहरु राखिएको छ । विपद् जोखिम न्युनिकरण र व्यवस्थापनमा सवै स्थानीय तह, प्रदेश र संघिय सरकारले कार्य  गर्नुपर्ने र विपद् जोखिम सम्वन्धि सवैले बुझ्नु पर्ने, विपद्को जोखिम कम गर्ने ,विपद् भएमा प्रभावकारी प्रतिकार्य गर्ने र विपद् पश्चात पुनर्स्थापना र पुनर्निमाणका कार्यहरु गर्नुपने भन्ने विषय उल्लेख गरिएको छ । यसै सन्दर्भमा संविधानको अनुसूची ८ मा एकल अधिकारमा विपद् सम्वन्धि कार्य गर्नुपर्ने विषय नं २० मा र अनुसूची ९ को साझा अधिकार को नं ९ मा स्थानीय तह, प्रदेश र संघीय सरकार मिलेर विपद् सम्वन्धि कार्यगर्नुपर्ने उल्लेख गरिएको छ । जुन यसप्रकार रहेको छ ।

**१. नेपालको संविधान अनुसार, गाउंपालिका तथा नगरपालिकाको अधिकार**

**१.१ अनुसूची ८ : एकल अधिकार**

1. नगर प्रहरी
2. सहकारी संस्था
3. एफ.एम. संचालन
4. स्थानीय कर सेवा शुल्क तथा दस्तुर
5. स्थानीय सेवाको व्यवस्थापन
6. स्थानीय तथ्यांक र अभिलेख संकलन
7. स्थानीय स्तरका विकास आयोजना तथा परियोजना
8. आधारभूत र माध्यमिक शिक्षा
9. आधारभूत स्वास्थ्य र सरसफाई
10. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
11. स्थानीय सडक,  ग्रामिण सडक, कृषी सडक र सिंचाई
12. गाउं सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
13. स्थानीय अभिलेख व्यवस्थापन
14. जग्गा धनी दर्ता प्रमाण पूर्जा वितरण
15. कृषी तथा पशुपालन , कृषी उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य सहकारी
16. जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, र अशक्तहरुको व्यवस्थापन
17. बेरोजगारको तथ्यांक संकलन
18. कृषी प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण
19. खानेपानी, साना जलविधुत आयोजना, बैकल्पिक उर्जा
20. **विपद् व्यवस्थापन**
21. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
22. भाषा, संस्कृती र ललितकलाको संरक्षण र विकास

**१.२ अनुसूची ९ : साझा अधिकार**

1. सहकारी
2. शिक्षा, खेलकुद र पत्रपत्रिका
3. स्वास्थ्य
4. कृषी
5. विधुत, खानेपानी र सिंचाई जस्ता सेवाहरु
6. सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना, तथा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क
7. वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जलउपयोग, वातावरण, पर्यावरण, तथा जैविक विविधता
8. खानी तथा खनिज
9. **विपद् व्यवस्थापन**
10. सामाजिक सुरक्षा र गरीवी निवारण
11. .व्यक्तिगत घटना जन्म, मृत्यु, विवाह र तथ्यांक
12. पुरातत्व, प्राचिन स्मारक र संग्राहलय
13. सुकुम्वासी व्यवस्थापन
14. प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी
15. सवारी साधन अनुमती

**२. स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहको विपद व्यवस्थापन सम्वन्धि काम, कर्तव्य र अधिकारहरु**

१. विपद् व्यवस्थापन सम्वन्धि स्थानीय नीति, कानून, मापदण्ड योजनाको कार्यान्वयन र नियमन

२. स्थानीयस्तरमा विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उध्दार, राहत सामाग्रीको पूर्व भण्डारण, वितरण र समन्वय

३. स्थानीय तटवन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन तथा नियमन

४. विपद् जोखिम क्षेत्रको नक्शांकन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण

५. विपद् व्यवस्थापनमा संघ प्रदेश र स्थानीय समुदाय , संघ संस्था तथा नीजि क्षेत्रसंग सहयोग, समन्वय र सहकार्य

६. विपद् व्यवस्थापन कोषको स्थापना तथा संचालन र श्रोत साधनको परिचालन

७. विपद जोखिम न्यूनिकरण सम्वन्धि स्थानीय स्तरको आयोजनाको तर्जुमा , कार्यान्वयन, अनुगमन र नियमन

८. विपद् पश्चात स्थानीय स्तरको पुनर्स्थापना र पुनर्निमाण९. स्थानीय स्तरको विपद सम्वन्धि तथ्यांक व्यवस्थापन र अध्ययन अनुसंधान

१०. स्थानीय आपतकालिन कार्य संचालन प्रणाली

११. समुदायमा आधारित विपद व्यवस्थापन सम्वन्धि कार्यक्रमको संचालन

१२. विपद् व्यवस्थापन सम्वन्धि अन्य कार्य

### ३. स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार, विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन ऐन २०७४ अनुसार

१. स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने
२. स्थानीय तहमा विपद व्यवस्थापनकालागि बजेट विनियोजन गर्न लगाउने
३. सम्वन्धित सवै पक्षको संलग्नतामा विपद व्यवस्थापन सम्वन्धी कार्य गर्ने गराउने
४. स्थानीय तहका पदाधिकारी, कर्मचारी, समुदायलाई विपद व्यवस्थापन सम्वन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने
५. भवन आचार संहिताको पालना गराउने
६. वडा स्तरमा विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्न लगाउने
७. आपतकालिन नमुना अभ्यास गर्न गर्ने, गराउने
८. विपद प्रभावित क्षेत्रमा उद्दार तथा राहतको व्यवस्था गर्ने
९.विपद व्यवस्थापनमा सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने
१०.स्थानीय तहमा विपद व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र संचालन गर्ने गराउने
११.स्थानीय स्तरमा आपतकालिन कार्य संचालन केन्द्को स्थापना र संचालन गर्ने

### ४. विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक योजना २०१८-२०३० मा भएका मुख्य व्यवस्थाहरु

विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा २०१५-२०३० एउटा अन्तर्राष्ट्रिय मार्गदर्शन गर्ने विश्वब्यापी दस्तावेज हो भने विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २००९ प्रमुख राष्ट्रिय मार्गदर्शन हो । सो को कार्यान्वयनबाट सिकेका कुराहरु र पहिचान गरिएका कमी कमजोरीहरु, सन् २०१५ को भूकम्प, सन् २०१४ र २०१७ को बाढी र हालैका अन्य विपद्हरुबाट सिकेका पाठहरु हाम्रा लागि व्यवहारिक मार्गदर्शन हुन् । यी विषयहरुलाई मार्गदर्शनको रुपमा लिई तयार गरिएको यो रणनीतिक कार्ययोजना सन् २०१८ देखि २०३० सम्मको अवधिलाई लक्षित गरी तयार गरिएको छ । यो रणनीतिक कार्ययोजनाको लागि निम्न बमोजिमका चार प्राथमिकताप्राप्त क्षेत्रहरु र अठार प्राथमिकताप्राप्त कार्यहरु तय गरिएका छन् ।

**क) दीर्घकालीन सोंच**
नेपाललाई विपद् जोखिमबाट सुरक्षित, अनुकूलित तथा उत्थानशील राष्ट्रको रूपमा स्थापित गर्दै दिगो विकासमा योगदान पुऱ्याउने यस रणनीतिक कार्ययोजनाको दीर्घकालीन सोंच रहेको छ ।

**ख) अपेक्षित परिणाम**
विपद्बाट हुने मृत्यु दर तथा प्रभावित व्यक्तिहरूको संख्यामा उल्लेख्य रूपले कमी ल्याउनु, जीविकोपार्जन, स्वास्थ्य, सम्पत्ति, व्यवसाय र समुदायमा हुने जोखिम तथा क्षतिको न्यूनीकरण गर्नु यस रणनीतिक कार्ययोजनाको अपेक्षित परिणाम रहने छ

**ग) उद्देश्य**
प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक क्रियाकलापहरूको पहिचान गरी आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवं पुनर्स्थापना तथा पुनर्निर्माणको सुदृढीकरण र उत्थानशीलता अभिबृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण र नयाँ जोखिमको रोकथाम गर्नु यस रणनीतिक कार्ययोजनाको उद्देश्य रहेको छ

।

**४.१ . विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक योजना २०१८ - २०३० प्राथमिकताका क्षेत्रहरु र कार्यहरु**

**क) प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमको ज्ञान**

- प्राथमिकताप्राप्त कार्य १: प्रकोप अनुसार जोखिमको आँकलन
- प्राथमिकताप्राप्त कार्य २: बहु(प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय
- प्राथमिकताप्राप्त कार्य ३: प्रभावकारी विपद् जोखिम सूचना प्रवाह र साझेदारी
- प्राथमिकताप्राप्त कार्य ४: विपद् जोखिम ज्ञानका लागि क्षमता अभिवृद्धि

**ख) प्राथमिकता प्राप्त क्षेत्र २ प्रत्येक विषयगत क्षेत्र तथा संघीय, प्रादेशिक र स्थानिय तहका लागि विपद् जोखिम व्यवस्थापन गर्न विपद् जोखिम शासनको सशक्तिकरण**

प्राथमिकताप्राप्त कार्य ५: संस्थागत संरचनाहरुको स्थापना एवं सुदृढीकरण
प्राथमिकताप्राप्त कार्य ६: कानूनी र नियमक संरचनाको विकास
प्राथमिकताप्राप्त कार्य ७: विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी
प्राथमिकताप्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणमासमावेशी शासनको सुनिश्चितता

**ग) प्राथमिकता प्राप्त क्षेत्र ३: उत्थानशिलताको लागि विस्तृत जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी मार्फत विपद् जोखिम न्यूनीकरण**

प्राथमिकताप्राप्त कार्य ९: उत्थानशीलता बृद्धिमा लगानी प्रवर्द्धन
प्राथमिकताप्राप्त कार्य १०: विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि
प्राथमिकताप्राप्त कार्य ११: विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्द्धन
प्राथमिकताप्राप्त कार्य १२: जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि

**घ) प्राथमिकता प्राप्त क्षेत्र ४: प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा *अझै राम्रो र बलियो निर्माण* का लागि विपद् पूर्वतयारीको सुदृढीकरण**

प्राथमिकताप्राप्त कार्य १३: प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण
प्राथमिकताप्राप्त कार्य १४: विपद् पूर्वतयारीको लागि बहु(प्रकोप पूर्व सूचना प्रणालीको विकास
प्राथमिकताप्राप्त कार्य १५: समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन प्रवर्धन
प्राथमिकताप्राप्त कार्य १६: विपद् पूर्वतयारीको लागि संचार तथा प्रसार प्रणाली सुदृढीकरण
प्राथमिकताप्राप्त कार्य १७: खोज तथा उद्धार र आपत्कालिन प्रतिकार्यमा क्षमता अभिवृद्धि
प्राथमिकताप्राप्त कार्य १८: पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा “अझ राम्रो र बलियो निर्माण” अवधारणा प्रवर्धन

**नेपाल सरकारको विपद् पिडित उद्धार र राहत सम्वन्धि मापदण्ड परिमार्जित २०७७, सातौ शंसोधन**

- विपद्मा परी मृत्यु भएमा रु २ लाख र सोही परिवारको अन्य व्यक्तिको मृत्यु भएका प्रति व्यक्ति थप रु १ लाख र परिवारका कोही पनि सदस्य जिवित नरहेमा राहत रकम उपलव्ध हुने छैन
- विपद्बाट घर, वहाल, आवास नष्ट भएका, खाद्दान्न, जग्गाजमिन, पसल व्यवसाय समेत नोक्सान भै तत्काल गुजाराकोलागि प्रति परिवार ५ जना सम्म सदस्य भएको परिवारलाई रु १५००० र ५ जना भन्दा बढी सदस्य भए रु २०००० उपलव्ध गराउने। संभव भएसम्म घटनास्थलमा नै उपलव्ध गराउने

- विपद्का कारण खाद्दान्न वा हाल वसोवास गरिरहेको घर पुर्ण रुपमा नष्ट भएमा वा नष्ट नभए पनि खतरा छ भन्ने भएमा र नयां स्थानमा घर निर्माण गर्न पर्ने भएमा स्थानीय तहको सिफारिश र प्रहरीको प्रतिवेदनको आधारमा रु १ लाख सम्म उपलव्ध गराउने
- विपद्को घटनामा परी घाइते हुनेहरुलाई जिल्ला विपद् व्यवस्थापन समितिले सरकारी अस्पतालमा उपचार गराउंदा लागेको खर्च दिने र घर फर्कनकोलागि प्रति व्यक्ति रु १००० र यातायात खर्च उपलव्ध गराउने
- विपद्बाट क्षति भएको घर पुनर्निर्माणकोलागि प्रचलित कानून बमोजिम जिल्ला बन कार्यालयबाट सहुलियत दरमा काठ उपलव्ध गराउने
- पिडित परिवारका सदस्यमध्ये कुनै एकजनालाई वैदेशिक रोजगारीमा जान मन लागेमा उमेर र अवस्थालाई विचार गरी सम्वन्धित व्यक्तिको खर्च स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत वैदेशिक रोजगारीमा पठाउने व्यवस्था मिलाउने
- जिल्ला विपद् व्यवस्थापन समितिले ३० दिनभित्र सूचना पाएको घटनाको लागि मात्र यो राहत सहयोग रकम उपलव्ध गराउने

**नेपाल रेडक्रसको गैर खाद्द सामाग्रीको मापदण्ड**

| क.स | सामाग्रीको नाम | संख्या |
|---|---|---|
| १ | तारपोलिन | १ वटा |
| २ | व्ल्यान्केट | २ वटा |
| ३ | सारी | १ वटा |
| ४ | पुरुषले लगाउने धोती | १ वटा तराईकोलागि मात्र |
| ५ | जीन कपडा | ५ मिटर |
| ६ | प्रिन्ट गरेको कपडा | ७ मिटर |
| ७ | साधा कपडा | ६ मिटर |
| ८ | भांडाकूंडा | १ सेट |
| ९ | बाल्टिन | १ वटा |
| १० | डोरी | १० मिटर |

नोट : कुनै पनि संघ संस्था जस्तै सरकार, दातृ निकाय, गैर तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था, नीजि क्षेत्र, समुदाय आदि सवै संस्थाहरुले प्रदान गरिने उद्धार तथा राहतका सेवाहरु अधिकारमा आधारित पद्धतिको आधारमा गरिनु पर्दछ। विपद्बाट प्रभावित व्यक्तिहरु केवल दयाका पात्र हुन् उनीहरुलाई सहयोगको खांचो छ र उनीहरुलाई दान गर्ने, माया गर्ने भन्ने भावनालाई त्यागेर उनीहरु विपद्को समयमा उद्धार र राहत पाउने हकवाला हुन् र उद्धार र पाउने उनीहरुको अधिकार हो भन्ने भावनाले मानविय सेवाका कार्यहरु गरिनु पर्दछ। विपद् प्रभावितहरुलाई हेला गरेर पुराना सामाग्रीहरु दिने, मिति नाघेका सामानहरु वितरण गर्ने र वस्न अयोग्य स्थानमा बसोवास गराउने जस्ता कार्य गर्न हुदैन। उनीहरुलाई नेपालको संविधानले सुनिशिचत गरेको सम्मानपूर्वक बांच्न पाउने अधिकारलाई आधार मानेर सोही अनुसारको सेवाका कार्यहरु गरिनु पर्दछ। यसका साथै प्रदेश सरकार तथा स्थानीय सरकारले तयार गरेका ऐन, नियम, निर्देशिकाहरु पनि अध्ययन गर्नुपर्दछ।

## शेसन ३ कालागि प्रस्तुतीका स्लाइडहरु



## अनुसूची ९ : साझा अधिकार

- ८. खानी तथा खनिज
- ९. विपद् व्यवस्थापन
- १२. पुरातत्व, प्राचिन स्मारक र संग्राहलय
- १०. सामाजिक सुरक्षा र गरीवी निवारण
- ११.व्यक्तिगत घटना जन्म, मृत्यु, विवाह र तथ्यांक

## अनुसूची ९ : साझा अधिकार

- १३. सुकुम्वासी व्यवस्थापन
- १४.प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी
- १५.सवारी साधन अनुमती

## स्थानीय तहको विपद व्यवस्थापन सम्वन्धि काम, कर्तव्य र अधिकारहरु

| | |
|---|---|
| १. विपद व्यवस्थापनसम्वन्धि स्थानीय नीति, कानून, मापदण्ड योजनाको कार्यान्वयनर नियमन | २. स्थानीयस्तरमा विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उध्दार, राहत सामाग्रीको पूर्व भण्डारण, वितरण र समन्वय |
| ३. स्थानीय तटवन्ध, नदी र पहिरोको नियन्त्रणतथा नदीको व्यवस्थापनतथा नियमन | ४. विपद जोखिम क्षेत्रको नक्शांकन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण |

## • स्थानीय तहको विपद व्यवस्थापन सम्वन्धि काम, कर्तव्य र अधिकारहरु

| | |
|---|---|
| ५. विपद व्यवस्थापनमासंघ प्रदेश र स्थानीय समुदाय, संघ संस्था तथा नीजि क्षेत्रसंग सहयेग, समन्वय र सहकार्य | ६. विपद व्यवस्थापन कोषको स्थापना तथा संचालन र श्रोत सधनको परिचालन |
| ७. विपद जोखिम न्यूनिकरण सम्वन्धि स्थानीय स्तरको आयोजनाको तर्जुमा, कार्यान्वयन अनुगमन र नियमन | ८. विपद पश्चात स्थानीय स्तरको पुनर्स्थापना र पुनर्निमाण |

## स्थानीय तहको विपद व्यवस्थापन सम्वन्धि काम, कर्तव्य र अधिकारहरु

| | |
|---|---|
| ९. स्थानीय स्तरको विपद सम्वन्धि तथ्यांक व्यवस्थापनर अध्ययन अनुसंधान | १०. स्थानीय आपतकालिन कार्य संचालन प्रणाली |
| ११. समुदायमा आधारित विपद व्यवस्थापनसम्वन्धि कार्यक्रमको संचालन | १२. विपद व्यवस्थापनसम्वन्धि अन्य कार्य |

## विपद् जोखिम न्यूनिकरण रव्यवस्थापनऐन २०७४

- स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने
- स्थानीय तहमा विपद व्यवस्थापनकालागि बजेट विनियोजन गर्न लगाउने
- सम्वन्धित सवै पक्षको संलग्नतामा विपद व्यवस्थापन सम्वन्धी कार्य गर्ने गराउने
- स्थानीय तहका पदाधिकारी, कर्मचारी, समुदायलाई विपद व्यवस्थापन सम्वन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने
- भवन आचार संहिताको पालना गराउने

## विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक योजना २०१८ - २०३० प्राथमिकताका क्षेत्रहरु र कार्यहरु

**प्राथमिकताप्राप्त क्षेत्र १: विपद्जोखिमको ज्ञान**

- प्राथमिकताप्राप्त कार्य १: प्रकोप अनुसार जोखिमको आँकलन
- प्राथमिकताप्राप्त कार्य २: बहुप्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय
- प्राथमिकताप्राप्त कार्य ३: प्रभावकारी विपद्
- जोखिम सूचना प्रवाह र साझेदारी
- प्राथमिकताप्राप्त कार्य ४: विपद् जोखिम ज्ञानका लागि क्षमता अभिवृद्धि

## विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक योजना २०१८ - २०३० प्राथमिकताका क्षेत्रहरु र कार्यहरु

**प्राथमिकता प्राप्त क्षेत्र २ प्रत्येक विषयगत क्षेत्र तथा संघीय, प्रादेशिक र स्थानिय तहमा विपद् जोखिम व्यवस्थापन गर्न विपद्जोखिम शासनको सशक्तिकरण**

- प्राथमिकताप्राप्त कार्य ५: संस्थागत संरचनाहरुको स्थापना एवं सुदृढीकरण
- प्राथमिकताप्राप्त कार्य ६: कानूनी र नियमक संरचनाको विकास
- प्राथमिकताप्राप्त कार्य ७: विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी
- प्राथमिकताप्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणमासमावेशी शासनको सुनिश्चितता

## विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक योजना २०१८ - २०३० प्राथमिकताका क्षेत्रहरु र कार्यहरु

**प्राथमिकताप्राप्त क्षेत्र ४: प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनर्निर्माणमा अझ राम्रो र बलियो निर्माणका लागि विपद्पूर्वतयारीको सुदृढीकरण**

- प्राथमिकताप्राप्त कार्य १३: प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण
- प्राथमिकताप्राप्त कार्य १४: विपद् पूर्वतयारीको लागि बहु(प्रकोप पूर्व सूचना प्रणालीको विकास
- प्राथमिकताप्राप्त कार्य १५: समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन प्रवर्धन
- प्राथमिकताप्राप्त कार्य १६: विपद् पूर्वतयारीको लागि संचार तथा प्रसार प्रणाली सुदृढीकरण प्राथमिकताप्राप्त कार्य १७: खोज तथा उद्धार र आपत्कालिन प्रतिकार्यमा क्षमता अभिवृद्धि
- प्राथमिकताप्राप्त कार्य १८: पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" अवधारणा प्रवर्धन

## नेपाल सरकारको राहत मापदण्ड

- विपद्मा परी मृत्यु भएमा रु २ लाख र सोही परिवारको अन्य व्यक्तिको मृत्यु भएका प्रति व्यक्ति थप रु १ लाख र परिवारका कोही पनि सदस्य जिवित नरहेमा राहत रकम उपलब्ध हुने छैन
- विपद्बाट घर, वहाल, आवास नष्ट भएका, खाद्दान्न, जग्गाजमिन, पसल व्यवसाय समेत नोक्सान भै तत्काल गुजाराकोलागि प्रति परिवार ५ जना सम्म सदस्य भएको परिवारलाई रु १५००० र ५ जना भन्दा बढी सदस्य भए रु २०००० उपलब्ध गराउने। संभव भएसम्म घटनास्थलमा नै उपलब्ध गराउने
- विपद्का कारण खाद्दान्न वा हाल वसोवास गरिरहेको घर पुर्ण रुपमा नष्ट भएमा वा नष्ट नभए पनि खतरा छ भन्ने भएमा र नयां स्थानमा घर निर्माण गर्न पर्ने भएमा स्थानीय तहको सिफारिश र प्रहरीको प्रतिवेदनको आधारमा रु १ लाख सम्म उपलब्ध गराउने
- विपद्को घटनामा परी घाइते हुनेहरुलाई जिल्ला विपद् व्यवस्थापन समितिले सरकारी अस्पतालमा उपचार गराउंदा लागेको खर्च तिरिदिने र उक्त व्यक्तिहरु घर फर्कनकोलागि प्रति व्यक्ति रु १००० र यातायात खर्च उपलब्ध गराउने

## नेपाल सरकारको राहत मापदण्ड

- विपद्बाट क्षति भएको घर पुनर्निर्माणकोलागि प्रचलित कानून बमोजिम जिल्ला बन कार्यालयबाट सहुलियत दरमा काठ उपलब्ध गराउने
- पिडित परिवारका सदस्यमध्ये कुनै एकजनालाई वैदेशिक रोजगारीमा जान मन लागेमा उमेर र अवस्थालाई विचार गरी सम्बन्धित व्यक्तिको खर्च स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत वैदेशिक रोजगारीमा पठाउने व्यवस्था मिलाउने
- जिल्ला विपद् व्यवस्थापन समितिले ३० दिनभित्र सूचना पाएको घटनाको लागि मात्र यो राहत सहयोग रकम उपलब्ध गराउने

## दिगो विकास लक्ष र विपद जोखिम न्यूनीकरण र जलवायू परिवर्तन विचको सम्वन्ध



## सत्र योजना

**मोडुल १ : आधारभूत मानविय मापदण्ड** सत्र : ४

**विषय :** मानविय सिद्धान्त र मानविय सहयोग मापदण्डको ऐतिहासिक पक्ष समय : ९० मिनेट

**साधारण उद्देश्य :** र मानविय सहयोग मापदण्डको ऐतिहासिक पक्ष वारेमा जानकारी दिने

**निर्दिष्ट उद्देश्य :** सत्रको अन्तमा सहभागीहरुले :

– मानविय सिद्धान्तका मुलभूत ४ कुराहरु बताउन सक्नेछन्

– मानविय सहयोगम मापदण्डका ऐतिहासिक पक्षहरु बताउन सक्नेछन्

**सत्रका मुख्य विषयवस्तु:**

- मानविय सिध्दान्तको विकासक्रम
- मानविय सहयोगम मापदण्डको विकासक्रम

| **प्रशिक्षण - सिकाई क्रियाकलाप** | **सिकाइ विधि** | **समय अवधि** | **प्रशिक्षण सिकाई सामाग्री** |
|---|---|---|---|
| **क्रियाकलाप १: सहभागीहरुको ध्यान आकर्षण**<br>• मानविय सिद्धान्त सम्वन्धि भिडियो देखाउनुहोस<br>• यस भिडियोमा के छ भनी सोध्नुहोस<br>• भिडियोलाई विषयवस्तु संग जोडेर छलफल अगाडि बढाउनु होस | स्लाइड सो | ५ मि | आचार संहिता सम्वन्धि भिडियो |
| **क्रियाकलाप २ : सत्रको नाम, उद्देश्य र विषयवस्तु**<br>सत्रको नाम, उध्देश्य, विषयवस्तु र समय अविधी वताउने | स्लाइड प्रस्तुती | ५ मि | उध्देश्य लेखिएको स्लाइड |
| **क्रियाकलाप ३ : विषयवस्तु सम्बन्धी सहभागीहरुको बुझाई**<br>• मानविय सिद्धान्त तथा मानविय सहयोग मापदण्डको विषय कहिले देखि उठन थालेको होला भनी प्रश्न गर्नुहोस्<br>• सहभागीबाट आएका जवाफलाई ब्राउन पेपरमा टिप्दै जानुहोस ।<br>• सहभागीको विचारलाई संक्षेपीकरण गर्नुहोस र विषयवस्तुलाई अगाडि बढाउनुहोस । | प्रश्न उत्तर | ५ मिनेट | वोर्ड र वोर्ड मार्कर |
| • **क्रियाकलाप ४**: सहभागीहरुलाई मानविय सिद्धान्तको ऐतिहासिक पक्षबारे जानकारी गराउनुहोस् ,<br>• विगतमा भएका विपद् र द्वन्दको वारेमा जानकारी गराउनुहोस् र मानविय सिद्धान्त र मानविय सहयोगका मापदण्डको विकास र समय क्रम अनुसमार भएको परिवर्तनवारे जानकारी गराउनु होस् | लघ प्रवचन | ३० मिनेट | स्लाइड |

| | | | |
|---|---|---|---|
| **क्रियाकलाप ५:**, मानविय सिध्दान्त कहिले शुरुवात र कस्तो परिवेशमा शुरुवात भएको रहेछ । के कस्ता घटनाक्रमले कसरी परिवर्तन हुदै आएको रहेको छ । दुई दुई जना संग बसेको सहभागीहरु विच छलफल गर्न लगाउनुहोस् | जोडा छलफल | १५ मिनेट | न्यूज प्रिन्ट, मार्कर |
| **क्रियाकलाप ६: छलफल गरिसकेपछि २, ३ समुहलाई छलफलको निष्कर्ष बताउन भन्नुहोस्** | प्रस्तुतीकरण | १० मिनेट | |
| **क्रियाकला ७: संक्षेपीकरण**<br>सारांसमा मानविय सिद्धान्त र मानविय सहयोगका मापदण्डवारे मुख्य मुख्य जानकारी गराउनुहोस्, मानविय सिद्धान्तको मर्म बताउनुहोस | लघु प्रवचन | ५ मिनेट | संक्षेपीकरण नोट |
| **क्रियाकलाप ८: सत्र मूल्यांकन**<br>यस सत्रमा राखिएका निर्दिष्ट उद्देश्य हासिल भए कि भएनन थाहा पाउनको लागि सहभागीहरुलाई तलको प्रश्नहरु सोध्नुहोस<br>प्रश्न १ : मानविय सिद्धान्तहरु के के हुन् ?<br>प्रश्न २ : मानविय सहयोग मापदण्ड कहिले शुरु भयो?<br>प्रश्न ३ : मानविय सहयोगम मापदण्डको मुख्य पक्ष के हो ? | क्विज | १० मिनेट | प्रश्नहरु |
| **क्रियाकलाप ९ :**<br>● सत्र मुल्यांकन पश्चात अब यस पछाडि को सत्रमा मानविय सहयोग मापदण्डको ९ वटा पक्षहरु वारे छलफल गर्दछौ भनी बताउने र अध्ययन सामग्री सहभागीहरुलाई वितरण गर्नुहोस | छलफल | ५ मिनेट | |

**शेसन ४ का लागि अध्ययन सामाग्रीहरु**

**मानविय सिद्धान्त र मानविय सहयोग मापदण्ड सम्वन्धि ऐतिहासिक विवरण**

विशेष गरेर दोश्रो विश्वयुद्ध पछि मानविय सिद्धान्त सम्वन्धि अवधारणाको विकास भएको हो । दोश्रो विश्वयुद्धपछि १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणा पत्र प्रकाशित भयो र त्यसपछि युद्ध तथा विपदबाट प्रभावित व्यक्तिहरुको मानविय सहायता गर्ने उद्धेश्यले मानविय सिद्धान्तको प्रतिपादन भएको पाइन्छ । मानविय सिद्धान्त मुख्यतया ४ वटा रहेका छन्

## क. मानविय सिद्धान्त (Humanitarian Principles)

१. मानवियता (Humanity) : मानविय समस्या वा पिडा जहां देखिन्छ त्यांहा सम्वोधन गरिनु पर्दछ । मानविय कार्यको मुख्य उद्धेश्य जीवन र स्वास्थ्यको रक्षा गर्नु र मानवको सम्मान वा आदर गर्नु हो

२. तटस्थता (Neutrality) : मानविय सेवामा काम गर्ने व्यक्तिहरुले धर्म, जात, राजनीति, विचार, को आधारमा आक्रामक हुने र कसैको पक्ष लिने गर्नु हुदैन

३. निष्पक्षता (Impartiality) : मानविय सहयोगका कार्यहरु विशुद्ध प्रभावितहरुको आवश्यकताको आधारमा र तत्कालै गर्नुपर्ने कार्यको आधारमा गरिनु पर्दछ । राष्ट्रियता, जात, लिंग, धर्म, आस्था, वर्ग, राजनीतिक विचारको आधारमा मानविय सेवाका कार्यहरु गरिनु हुदैन र निष्पक्ष हुनु पर्दछ ।

४. स्वतन्ता ( Independence ) : मानविय सेवाका कार्यहरु राजनीति, आर्थिक, सैनिक वा अन्य उद्धेश्यले प्रेरित भएर गरिनु हुदैन र स्वतन्त रुपमा गरिनु पर्दछ ।

## ख. मानविय बडापत्र वा संझौता (Humanitarian Charter)

मानविय सिद्धान्तलाई विकास तथा प्रचार गर्ने उद्धेश्यले मानविय सेवामा कार्यरत संस्थाहरुले युद्ध तथा विपद् बाट प्रभावित व्यक्तिहरुको सेवाको गुणस्तरलाई प्राप्त गर्न यो बडापत्रलाई प्रतिवद्धता गरेका छन् । यो बडापत्र मुख्यत तीन सिद्धान्त रहेको छ ।

### १. सम्मानपूर्वक बांच्न पाउने अधिकार (The right to life with dignity)

कुनै पनि व्यक्ति सम्मानपूर्वक बांच्न पाउनु पर्दछ र अमानविय व्यवहार, मानविय तथा शारिरिक चोट तथा हिंसा, यातना तथा दण्ड दिइनु हुदैन । जव मानिसहरुको जीवन संकट तथा खतरामा पर्दछ उनीहरुलाई आफनो जीवन सुरक्षित हुन पाउने उचित कदम चाल्न अधिकार छ ।

### २. लडाकु र गैर लडाकु विचको भिन्नता (The distinction between combatants and non-combatants)

१९४९ को जेनेभा सन्धि र प्रोटोकल १९७७ ले लडाकु र गैर लडाकु विच फरक छुटयाउनु पर्दछ र गैर लडाकु अथवा नागरिकहरुको अन्तराष्टिय् मानविय कानून अनुसार सुरक्षा दिइनु पर्दछ र उनीहरुमाथि आक्रमण गरिनु हुदैन ।

**३. शरणार्थीहरुलाई आफनो देश जर्वजस्ती फिर्ता गर्न नपाइने (The principle of non-refoulement)**
कुनै पनि शरणार्थीलाई उस्को आफनो देशमा जात, धर्म, राष्ट्रियता, कुनै सामाजिक समुहको सदस्यता लिएको आधारमा जीवन र स्वतन्त्रताको खतरा छ भन्दाभन्दै जर्वजस्ती फर्काउन पाइदैन ।

## ग. आचार संहिता (The Code of Conduct)

मानविय सिद्धान्तको कार्यान्वयनको क्रममा यस सिद्धान्तलाई मुल मन्त्र मानी मा रेडक्रस तथा रेड क्रिसियन्ट मुभमेन्टमा कार्यरत र गैर सरकारी संस्थामा कार्यरत संस्थाकालागि अन्तराष्ट्रिय रेडक्रस र रेडक्रिसियन्टहरुको फेडरेशनले सन् १९९४ मा आचार संहिताको विकास गरेको पाइन्छ । यस आचार संहिताले मानविय सेवामा कार्य गर्ने कर्ताहरुको व्यवहारको मापदण्डको वारेमा व्याख्या गरेको पाइन्छ । आचार संहिता यस प्रकार रहेका छन् :

**१. मानविय सेवा तथा सहयोग पहिला आउनु पर्दछ : (The humanitarian imperative comes first)**
विपद् तथा द्वन्दको समयमा मानविय सेवा तथा सहयोग पाउने उनीहरुको आधारभूत अधिकार हो र यो सवै देशका नागरिकहरुले पाउनु पर्दछ । विपद्को समयमा हामीहरुको मुख्य उद्धेश्य मानविय पिडाहरुलाई कम गर्नु वा हटाउनु हो ।

**२. मानविय सहयोग जात, विश्वास, राष्ट्रियताको आधारमा नभै केवल प्रभावितहरुको विशुद्ध आवश्यकताको आधारमा गरिनु पर्दछ । (Aid is given regardless of the race, creed or nationality of the recipients and without adverse distinction of any kind. Aid priorities are calculated on the basis of need alone)**
संभव भए सम्म प्रभावितहरु (महिला, वालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, भौगोलिक विविधता, सांस्कृतिक विविधता) को आवश्यकताको विस्तृत पहिचान र विश्लेषणको आधारमा र स्थानीय श्रोत साधनको उपलब्धताको आधारमा मानविय सहयोग प्रदान गरिनु पर्दछ ।

**३. राजनैतिक तथा धार्मिक स्वार्थको हिसावले मानविय सहयोगका कार्यहरु गरिनु हुदैन (Aid will not be used to further a particular political or religious standpoint)**
मानविय सहयोगका कार्यहरु राजनैतिक तथा धार्मिक स्वार्थको हिसावले नभै व्यक्ति, परिवार र समुदायको आवश्यकताको आधारमा गरिनु पर्दछ ।

**४. कुनै पनि देशको परराष्ट्र नीति अनुसार मानविय सहयोगका कार्यहरु गरिनु हुदैन (We shall endeavour not to act as instruments of government foreign policy)**
मानविय सेवाका कार्यहरु कुनै पनि सरकारी पक्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने नभै नभै विशुद्ध मानविय सेवाको हिसावले गरिनुदपर्दछ । सरकारको राजनैतिक, सैनिक र आर्थिक सूचना संकलन गर्ने जस्ता कार्यहरु गरिनु हुदैन

**५. मानविय सेवाका कार्यहरु वा सहयोग गर्दा हामीले प्रभावितहरुको संस्कृती तथा रितिरिवाजहरुको सम्मान गर्नुपर्दछ (We shall respect culture and custom)**

**६. मानविय सेवाका कार्यहरु गर्दा समुदायको स्थानीय श्रोत साधन प्रयोग गरेर विपद् प्रतिकार्य क्षमता बढाउने कार्य गर्नुपर्दछ (We shall attempt to build disaster response on local capacities)**
समुदायमा भएका स्थानीय व्यक्तिहरुलाई जागिर तथा रोजागारी दिएर, स्थानीय श्रोत साधन र स्थानीय उद्योगधन्दाहरु बाट सामाग्रीहरुको खरिद गरेर स्थानीय श्रोत साधनलाई प्रयोग गरी स्थानीय क्षमता बढाउन सहयोग गर्नु पर्दछ ।

**७. मानविय सहयोगका कार्यहरु गर्दा लक्षित समुहलाई राहत सामाग्रीको व्यवस्थापन सहभागी गर्नुपर्दछ (Ways shall be found to involve programme beneficiaries in the management of relief aid)**
मानविय सहयोगका कार्यक्रमहरु संचालन गर्दा लाभग्राहीहरुको शुरुदेखि योजना, कार्यान्वयन, व्यवस्थापन गर्नुपर्दछ जस्ले गर्दा कार्यक्रमहरु सफल बनाउन सहयोग गर्दछ । हामीले उनीहरुसंग समन्वय नगरी सहयोगका कार्यहरु गर्नु हुदैन ।

**८. मानविय सहयोगका कार्यहरुले लाभग्राहीहरुको भविष्यमा थप विपद् संकटासन्नता वृध्दि गर्ने हुनु हुदैन र आधारभूत आवश्यकता परिपूर्ति गर्ने हुनु पर्दछ । (Relief aid must strive to reduce future vulnerabilities to disaster as well as meeting basic needs)**
दिगो जीवनशैली व्यतित गर्ने हिसावले मानविय सहयोगका कार्यहरु गर्नुपर्दछ र विपद्को थप संकटासन्नता निम्तिन दिनु हुदैन साथै परनिर्भरता विकास गर्नुहुदैन । वातावरणीय सवाललाई पनि हामीले विशेष ध्यान दिनुपर्दछ र यस्को संरक्षण गर्ने तरिकाले मानविय सहयोग गर्नुपर्दछ ।

**९. हामी मानविय सेवामा कार्यरत व्यक्ति र संस्थाहरु लाभग्राहीप्रति र श्रोत प्रदान गर्ने संस्था प्रति जवाफदेही हुनु पर्दछ । (We hold ourselves accountable to both those we seek to assist and those from whom we accept resources)**

हामी दुवै पक्ष प्रति खुला र पारदर्शी हुनुपर्दछ । हामीले गरेका सेवाहरुको अनुगमन गर्नुपर्दछ र यसले राम्रो कार्य गरिरहेको छ भन्ने सुनिश्चित गर्नुपर्दछ । मुल्यवान श्रोत र साधनहरुको सही उपयोग र सदुपयोग गर्ने उद्धेश्यले उच्च व्यवसायिक दक्षताको प्रदर्शन गरी कार्य गर्नुपर्दछ ।

**१०. हामीले प्रदान गर्ने सूचना, प्रचार प्रसार र विज्ञापनहरुले लाभग्राहीहरुको उच्च सम्मानको रुपमा हुनु पर्दछ उनीहरुलाई आशाको केन्द्रविन्दु र वस्तुको रुपमा प्रस्तुत गर्नुहुदैन** (In our information, publicity and advertising activities,we shall recognise disaster victims as dignified humans, not hopeless objects)
लाभग्राहीहरुलाई मानविय सेवाका सहयोगहरु प्रदान गर्दा सम्मानका साथ गरिनु पर्दछ उनीहरुलाई हेप्ने, होच्याउने र दयामाया गरेको हिसावले सहयोग दिनु हुदैन । यो उनीहरुको अधिकार हो भनेर बुझ्नु पर्दछ । आफनो कार्यको प्रशंसा पाउन हामीले अरुले गरेको सहयोगका कार्यलाई होच्याउने जस्ता कार्यहरु संचार जगत संग मिलेर गर्नु हुदैन र कसैसंग प्रतिस्पर्धा गर्नु हुदैन ।

## SPHERE, Humanitarian Accountability Partnership International (HAP-I), People in Aid and Good Enough Guideline

1. SPHERE: 1994
2. People in Aid: Published in 1997 and revised in 2003
3. Humanitarian Partnership Accountability International (HAP - I): Start from 2003 and published in 2007
4. Good Enough Guideline: published in 2007
5. Core Humanitarian Standard ; 2014

यसै क्रममा स्फेयर अवधारणा, मानविय सेवामा उत्तरदायित्व अभिवृध्दि र मानविय सेवामा कार्यगर्ने कर्मचारी तथा व्यक्तिहरुको दक्षता, कार्यकुशलता, सहयोग र मानविय सेवामा प्रभावको नाप र उत्तरदायित्व मापन गर्न गुड इनफ गाइडलाइन सम्वन्धि दस्तावेजहरु निर्माण भए । स्फेयर १९९४ मा, पिपुल इन एड १९९७ मा शुरु भएर २००३ मा, हयाप २००३ मा शुरु भएर २००७ प्रकाशित र गुड इनफ गाइडलाइन २००७ मा प्रभाव नाप र उत्तरदायित्वकोलागि निर्माण भएको पाइन्छ ।

**आधारभूत मानविय मापदण्ड (Core Humaniterian Standard)**

मानवीय विपद्को समयमा मानवीय सङ्घसंस्थाहरूले पालना गरिरहेका मानवीय मापदण्डहरू HAP, People in Aid / Sphere मा अन्तरनिहित मूलमर्महरूलाई समेटेर तयार परिएको संयुक्त मापदण्ड योजना (Joint Standards Initiatives- JSI) को प्रतिफलको रूपमा जवाफदेहिता र गुणस्तर व्यवस्थापनका लागि आधारभूत मानवीय मापदण्डलाई लिएको छ ।

यो सामग्री तयार गर्दा संयुक्त मापदण्ड योजना (JSI) ले उल्लिखित मापदण्ड अवलम्बन गरिएका मुख्य तथा क्षेत्रीय कार्यालय र विपत् संवे दनशील देशका करिव २००० मानवीय सहयोगी कार्यकर्ताहरूसँग परामर्श गरेको थियो । जसले सङ्कटमा रहेका व्यक्ति तथा समुदायहरूलाई केन्द्रबिन्दुमा राखी मानवीय सिद्धान्तहरूको आधारमा एक समन्वयात्मक मान्यताको आवश्यकता रहेको पृष्ठपोषण प्रदान गर्‍यो ।

जवाफदेहिता र गुणस्तर व्यवस्थापनका लागि आधारभूत मानवीय मापदण्ड, १२ महिना तथा ३ चरणमा गरिएको छलफलहरूको ठोस परिणाम हो । यस अवधिमा मानवीय सहयोगी कार्यकर्ता, सङ्कटमा रहेका व्यक्ति तथा समुदाय, विभिन्न गैरसरकारी संस्था, सञ्जाल, सरकारी निकाय, संयुक्त राष्ट्रसङ्घ, दातृनिकाय र शैक्षिक सङ्घसंस्थाहरूसँग आधारभूत मानवीय मापदण्डका विषयवस्तुहरूमाथि निरन्तर रूपमा छलफल गरिएको थियो । साथै यसको प्रमुख कार्यालय र स्थलगत रूपमा परीक्षण समेत

गरिएको हो । विभिन्न छलफलबाट आएका सल्लाह एवम् सुझावहरूलाई मानवीय कार्य र मापदण्ड विकास गर्ने विज्ञ- प्राविधिक सहितको ६५ जना प्रविधिक सल्लाहकार समूहबाट उक्त मस्यौदामाथि धेरै पटक परिमार्जन गरिएको हो । अन्तर्राष्ट्रिय मानवीय जवाफदेहिता साझेदारी, पिपुल इन एइड् (PIA) र द स्फेयर परियोजनाको कार्यकारी समितिहरूलें the 2010 HAP Standard in Accountability and Quality Management, the People in Aid Code of Good Practice in the Management and Support of Aid Personnel and the Core Standards section of the Sphere Handbook' लाई आधारभूत मानवीय मापदण्डले प्रतिस्थापन गर्नेछ ।

## शेसन ४ कालागि प्रस्तुतीका स्लाइडहरु

### मानविय सिद्धान्त(Humanitarian Principles) 1948




### मानविय बडापत्र वा संम्फौता(Humanitarian Charter) , 1949, 1977,




### आचार संहिता(The Code of Conduct) ; 1994

१. मानविय सेवा तथा सहयोग पहिला आउनु पर्दछ

२. मानविय सहयोग जात, विश्वास, राष्ट्रियताको आधारमा नभै केवल प्रभावितहरुको विशुद्ध आवश्यकताको आध पर्दछ

३. राजनैतिक तथा धार्मिक स्वार्थको हिसावले मानविय सहयोगका कार्यहरु गरिनु हुदैन

४. कुनै पनि देशको परराष्ट्र नीति अनुसार मानविय सहयोगका कार्यहरु गरिनु हुदैन

५. मानविय सेवाका कार्यहरु वा सहयोग गर्दा हामीले प्रभावितहरुको संस्कृती तथा रितिरिवाजहरुको सम्मान गर्नु

६. मानविय सेवाका कार्यहरु गर्दा समुदायको स्थानीय श्रोत साधन प्रयोग ग्स्थानीयकार्य क्षमता बढाउने कार्य गर्नुपर्द

७. मानविय सहयोगका कार्यहरु गर्दा लक्षित समुहलाई राहत सामाग्रीको व्यवस्थापन सहभागी गर्नुपर्दछ

८. मानविय सहयोगका कार्यहरुले लाभग्राहीहरुको भविष्यमा थ्पसविपन्नता वृध्दि गर्ने हुनु हुदैन र आधारभूत आवश्यकता परिपूर्ति गर्ने हुनु पर्दछ

९. हामी मानविय सेवामा कार्यरत व्यक्ति र संस्थाहरु लाभग्राहीप्रति र श्रोत प्रदान गर्ने संस्था प्रति जवाफदेही हु

१०. हामीले प्रदान गर्ने सूचना, प्रचार प्रसार र विज्ञापनहरुले लाभग्राहीहरुको उच्च सम्मानको रुपमा हुनु पर्दछ र आशाको केन्द्रविन्दु र वस्तुको रुपमा प्रस्तुत गर्नुहुदैन

**SPHERE, Humanitarian Accountability Partnership International (HAP-I), People in Aid and Good Enough Guideline**

1.SPHERE: 1994

2.People in Aid: Published in 1997 and revised in 2003

3.Humanitarian Partnership Accountability International (HAP - I): Start from 2003 and published in 2007

4.Good Enough Guideline: published in 2007

5.Core Humaniteriand Standard 2014

## सत्र योजना

**मोडुल १ : आधारभूत मानविय मापदण्ड** सत्र : ५
**विषय :** मानविय सहयोग मापदण्डको ९ वटा बुंदाहरु समय : ९० मिनेट
**साधारण उद्देश्य :** र मानविय सहयोग मापदण्डको ९ वटा बुंदाको वारमो जानकारी दिने
**निर्दिष्ट उद्देश्य :** सत्रको अन्तमा सहभागीहरुले :

– मानविय सहयोगम मापदण्डका ९ वटा बुंदाहरु बताउन सक्नेछन्

**सत्रका मुख्य विषयवस्तुः**

- मानविय सहयोगम मापदण्डहरु

| प्रशिक्षण - सिकाई क्रियाकलाप | सिकाइ विधि | समय अवधि | प्रशिक्षण सिकाई सामाग्री |
|---|---|---|---|
| **क्रियाकलाप १ः सहभागीहरुको ध्यान आकर्षण**<br>● विपद् प्रभावितहरुलाई सवैको सहयोगमा लुगाफाटा संकलन गरेर दिनु उचित हो या होइन भनी प्रश्न गर्नुहोस<br>● जेष्ठ नागरिकलाई विपदको राहत दिंदा चिउरा दिनु ठिक हो<br>● अव हामी मानविय सहयोगका मापदण्डको वारेमा छलफल गर्दछै भनी बताउनुहोस् | स्लाइड सो | ५ मि | प्रश्नहरु |
| **क्रियाकलाप २ : सत्रको नाम, उद्देश्य र विषयवस्तु**<br>सत्रको नाम, उध्देश्य, विषयवस्तु र समय अविधी वताउने | स्लाइड प्रस्तुती | ५ मि | उध्देश्य लेखिएको स्लाइड |
| **क्रियाकलाप ३ : विषयवस्तु सम्बन्धी सहभागीहरुको बुझाई**<br>● मानविय सहयोग मापदण्डहरु के के हुन सक्छन् भनी सहभागीलाई सोध्नुहोस्<br>● सहभागीको विचारलाई संक्षेपीकरण गर्नुहोस र विषयवस्तुलाई अगाडि बढाउनुहोस । | प्रश्न उत्तर | ५ मिनेट | वोर्ड र वोर्ड मार्कर |
| ● **क्रियाकलाप ४**ः सहभागीहरुलाई ४ समुहमा विभाजन गर्नुहोस<br>● **प्रत्येक समुहलाई मानविय सहयोग मापदण्डका ९ वटा बुंदाहरु मध्ये ३ समुहलाई २, २ वटा र १ समुहलाई ३ वटा बुंदाहरु वितरण गर्नुहोस र पढन लगाउनु होस्**<br>● **समहका सवैले आफुले बुझेका कुराहरु छलफल गरी सामुहिक रुपमा टिप्न लगाउनुहोस् र अन्य समहुमा गएर बताउन पर्छ भनी भन्नुहोस्** | लघ प्रवचन | ३० मिनेट | स्लाइड |

| | | | |
|---|---|---|---|
| **क्रियाकलाप ५:** ४ वटै समुहबाट एक एक जना पर्ने गरी फेरी अर्को ४ समुह बनाउनुहोस, सहभागीहरु घटी या बढी छन् भने कुनै समुहमा मिलाउनु होस<br>समुह बनिसकेपछि प्रत्येक समुहले आफुले समुहमा सिकाई लेखेर ल्याएको बताउनुहोस्<br>छलफलको लागि प्रशस्त समय दिनुहोस् | जोडा छलफल | ३० मिनेट | न्यूज प्रिन्ट, मार्कर |
| **क्रियाकलाप ६: छलफल गरिसकेपछि सहजकर्ताले सवै ९ वटा विषयवस्तुबारे बताउनुहोस** | प्रस्तुतीकरण | ५ मिनेट | |
| **क्रियाकला ७: संक्षेपीकरण**<br>सारांसमा मानविय सहयोगका मापदण्डवारे मुख्य मुख्य जानकारी गराउनुहा | लघु प्रवचन | ५ मिनेट | संक्षेपीकरण नोट |
| **क्रियाकलाप ८: सत्र मूल्यांकन**<br>यस सत्रमा राखिएका निर्दिष्ट उद्देश्य हासिल भए कि भएनन थाहा पाउनको लागि सहभागीहरुलाई तलको प्रश्नहरु सोध्नुहोस<br>प्रश्न १ : मानविय सहयोग मापदण्डको पहिलो बुंदाले के लाई जोड दिन्छ ?<br>प्रश्न २ : मानविय सहयोग मापदण्ड किन आवश्यक छ ? | क्विज | ३ मिनेट | प्रश्नहरु |
| **क्रियाकलाप ९ :**<br>• सत्र मुल्यांकन पश्चात अब यस पछाडि को सत्रमा हामी स्फेयरको वारेमा छलफल गर्दछौ भनी बताउने र अध्ययन सामग्री सहभागीहरुलाई वितरण गर्नुहोस | छलफल | २ मिनेट | |

## शेसन ५ कालागि अध्ययन सामाग्रीहरु

**मानविय आधारभूत मापदण्डाका उत्तरदायित्व, प्रतिबद्धता र कार्यहरू**

| | | | |
|---|---|---|---|
| **१. विपत्बाट प्रभावित समुदाय र मानिसहरू आफ्ना आवश्यकता अनुसार उपयुक्त र सान्दर्भिक सहयोग प्राप्त गर्छन् ।** | **गुणस्तर मापदण्डः** मानवकल्याणकारी प्रतिक्रिया उपयुक्त र सान्दर्भिक छ । | **मुख्य कामहरू** १.१ अवस्था र दाताहरूको प्रक्रियागत, वस्तुगत र चालु प्रक्रियाको विश्लेषण गर्नु । १.२ आवश्यकता र जोखिमको पूर्वाग्रहरहित मूल्याङ्कन र विभिन्न समूहका क्षमता र कमजोरीहरूको बुझाइमा आधारित उचित कार्यक्रमको योजना र कार्यान्वयन गर्नु । १.३ परिवर्तित आवश्यकता, क्षमता र अवस्था अनुकूल कार्यक्रम लागू गर्नु । | **संस्थागत उत्तरदायित्वहरू** १.४ नीतिहरूले प्रकोपबाट प्रभावित समुदाय र व्यक्तिहरूको आवश्यकता र क्षमतामा आधारित पूर्वाग्रहरहित सहयोग प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछन् । १.५ नीतिहरूमा प्रतिबद्धताहरू निर्धारण गरिएको छ; जसले पिछडिएका वा सीमान्तकृत जनतासहित समुदायको विविधतालाई महत्व दिन्छ । यसमा असङ्गठित तथ्यलाई सङ्कलन गरिन्छ । १.६ अवस्थाको निरन्तर विश्लेषण उचित तरिकाले गर्न प्रक्रियाहरू तय गरिएका हुन्छन |
| **२. विपत्बाट प्रभावित समुदाय र व्यक्तिहरूको उचित समयमा मानवकल्याणकारी सहयोगमा पहुँच छ ।** | **गुणस्तर मापदण्डः** मानवकल्याणकारी प्रतिक्रिया प्रभावकारी र यथासमयमा छ । | **मुख्य कामहरू** २.१ दबाबलाई सम्बोधन गर्ने कार्यक्रम निर्माण गर्नु; जसले निर्धारित काम वास्तविक र समाजको लागि सुरक्षित हुन्छ । २.२ मानवकल्याणकारी प्रतिक्रियालाई अनावश्यक ढिलासुस्ती नगरी यथासम्भव निर्णय गरी सम्प्रेषण गर्नु । २.३ संस्थाहरूका सम्पर्कमा नआएका आवश्यकतालाई उपयुक्त प्राविधिक निपूर्णताका लागि आदेश दिन अथवा ती आवश्यकताको सम्बोधननिम्ति वकालत गर्नु । २.४ योजना बनाउन र कार्यक्रम कार्यान्वयनको लागि मानवकल्याणकारी क्षेत्रभरि प्रयोग भएका सान्दर्भिक प्राविधिक मापदण्ड र उचित प्रयासको प्रयोग गर्नु । २.५ मानवकल्याणकारी कार्यक्रमलाई समयानुकूल बनाउन तथा कमजोर प्रस्तुतिलाई सम्बोधनको लागि मानवकल्याणकारी प्रतिक्रियामुखी क्रियाकलाप र परिणामको अनुगमन गर्नु । | **संस्थागत उत्तरदायित्वहरू** २.६ कार्यक्रमका प्रतिबद्धताहरू संस्थागत क्षमतासहित क्रमबद्ध भए/नभएका निश्चित गर्ने । २.७ नीतिगत प्रतिबद्धताहरूले निश्चित गर्छन्: (क) क्रियाकलापहरू र तिनीहरूको असरको प्रक्रियागत, वस्तुगत निरन्तर अनुगमन तथा मूल्याङ्कन, (ख) अनुगमन र मूल्याङ्कनबाट प्राप्त प्रमाणलाई समयानुकूल सुधार र (ग) प्राप्त स्रोतहरूका साथसाथै उचित समयमा निर्णय । |

| | | | |
|---|---|---|---|
| **३. मानवकल्याणकारी परिणामस्वरूप विपत्‌बाट प्रभावित समुदाय र मानिसहरू नकारात्मक रूपमा प्रभावित छैनन्, पुनः निर्माणमा बढी जागरुक र कम खतरामा छन् ।** | **गुणस्तर मापदण्डः**<br>मानवकल्याणकारी प्रतिक्रियाले स्थानीय क्षमतालाई थप मजबुत बनाउँछ र नकारात्मक असरलाई हटाउँछ । | **मुख्य कामहरू**<br>३.१ स्थानीय क्षमतामा निर्मित कार्यक्रमहरू निश्चित गर्नु तथा विपत्‌बाट प्रभावित समुदाय र व्यक्तिहरूमा नयाँ शक्ति विकास गर्नु ।<br>३.२ विद्यमान सामुदायिक विपत्तिको नतिजा र खतराको मूल्याङ्कन र सहयोगी क्रियाकलापका लागि तयारी योजनाको प्रयोग ।<br>३.३ भविष्यमा हुन सक्ने विपत्‌मा प्रथम सेवाप्रदायकका रूपमा स्थानीय नेतृत्व र संस्थालाई क्षमतायोग्य बनाउनु; जसमा पिछडावर्ग र सीमान्तकृत समूहको उचित प्रतिनिधित्व निश्चित गर्नुपर्छ ।<br>३.४ मानवकल्याणकारी कार्यक्रमको प्रारम्भिक अवस्थामा सङ्क्रमण र बहिर्गमन रणनीतिबाट दीर्घकालीन सकारात्मक प्रभावको सुनिश्चितता गर्दै परनिर्भरताको जोखिमलाई कम गर्नङ्ग ।<br>३.५ कार्यक्रमहरूको योजना र कार्यान्वयन गर्न, जसले प्रारम्भिक प्रकोपको क्षतिपूर्ति गर्छ र स्थानीय अर्थतन्त्रलाई फाइदा पुऱ्याउँछ ।<br>३.६ यी तलका क्षेत्रहरूमा उत्पन्न हुन सक्ने सम्भावित अथवा अनपेक्षित नकारात्मक असरहरू पत्ता लगाई समयमै सही तरिकाले काम गर्नुपर्छ । (क) व्यक्तिको सम्मान, अधिकारको रक्षा र सुरक्षा (ख) कर्मचारीबाट यौन-शोषण र दुर्व्यवहार (ग) सांस्कृतिक, लैङ्गिक, सामाजिक र राजनीतिक सम्बन्ध (घ) जीवनशैली (ङ) स्थानीय अर्थतन्त्र र (च) वातावरण आदि । | **संस्थागत उत्तरदायित्वहरूः**<br>३.७ नीतिगत रणनीति र मार्गदर्शन,<br>३.८ कार्यक्रमका नकारात्मक असरहरू; जस्तै–कर्मचारीबाटै प्रकोप प्रभावित व्यक्ति र समुदायलाई हुनसक्ने यौन-शोषण, दुर्व्यवहार वा भेदभावबाट बचाउनु,<br>३.९ स्थानीय क्षमतालाई मजबुत बनाउनु,<br>३.१० प्रकोपबाट प्रभावित व्यक्ति र समुदायहरूबाट सङ्कलित व्यक्तिगत सूचनालाई हिफाजत गर्न निश्चित पद्धतिहरू तय गरिनु । |
| **४. विपत्‌बाट प्रभावितव्यक्तिर समुदायहरू आफ्नो कानूनी हक-अधिकार जान्दछन्; सूचना तथा आफूलाई प्रभाव पार्ने निर्णय लिने प्रक्रियामा पहुँच राख्छन् ।** | **गुणस्तर मापदण्डः**<br>मानवकल्याणकारी प्रतिक्रिया सञ्चार, सहभागिता र पृष्ठपोषणमा आधारित छ | **मुख्य कामहरू**<br>४.१ विपत्‌बाट प्रभावित व्यक्ति र समुदायहरूलाई संस्थाको बारेमा, यसले पालना गरेका सिद्धान्तहरू, कर्मचारीबाट कस्तो व्यवहारको आशा गर्छन्, यसले लागू गरिरहेका कार्यक्रमहरू र तिनीहरूले के प्रदान गर्न चाहन्छन् भन्ने सम्बन्धमा जानकारी प्रदान गर्नु, | **संस्थागत उत्तरदायित्वहरू**<br>४.५ सूचनाप्रवाहको लागि नीतिहरू र खुला सञ्चारको संस्कृतिलाई बढावा दिन्छ, ४.६ कार्यान्वयनमा भएका नीतिहरूले विपत्‌बाट प्रभावित व्यक्ति र समुदायहरूको प्राथमिकतालाई जनाउँछ र कामको सबै तहका खतरालाई पत्ता लगाउँछ, ४.७ बाह्य |

| | | | |
|---|---|---|---|
| | | ४.२ समुदायका सदस्यहरू,विशेष गरी कमजोर र सीमान्तकृत जनताहरूले सजिलै बुझ्ने भाषा, संरचना र माध्यममा सम्मानित तरिकाले सञ्चार गर्नु,<br>४.३ विपत्बाट प्रभावित व्यक्ति र समुदायहरूलाई कामको सबै तहमा समावेशी प्रतिनिधित्व निश्चित गर्नु,<br>४.४ विपत्बाट प्रभावित व्यक्ति र समुदायहरूलाई प्रोत्साहन र सहयोग गर्नु, जसमा निश्चित लिङ्ग, उमेर र विविधतामा उनीहरूलाई प्राप्त सहयोगको सन्तुष्टिको तहलाई आधार मानिन्छ । | सञ्चारहरू विपत्बाट प्रभावित व्यक्ति र समुदायहरूलाई आत्मसम्मानित मानवजातिको रूपमा लिँदै, सही र सम्मानपूर्वक आर्थिक सहायता बढाउनको प्रयोग गरिन्छन् । |
| **५. विपद्बाट प्रभावित व्यक्ति र समुदायहरूमा गुनासाहरूलाई सामना गर्न सुरक्षित र अनुकूल संयन्त्रको पहुँच छ** | **गुणस्तर मापदण्डः**<br>गुनासाहरूलाई स्वागत र सम्बोधन गरिन्छ । | **मुख्य कामहरू**<br>५.१ गुनासाहरूलाई समाधान गर्ने प्रक्रियाको नमुना तयार गरी कार्यान्वयन तथा अनुगमनको लागि विपत्बाट प्रभावित व्यक्ति र समुदायहरूसँग सहकार्य गर्नु । ५.२ गुनासोलाई स्वागत र स्वीकार गर्नु र यसको संयन्त्रलाई कसरी यसले सम्बोधन गर्ने; मुद्दाको दायरालाई सञ्चार गर्ने । ५.३ गुनासोलाई यथा समयमा, निष्पक्ष र सही तरिकाले व्यवस्थापन गर्नु; जसले आलोचकहरू र सबै तहमा प्रभावितहरूको सुरक्षालाई प्राथमिकता दिन्छमुख्य कामहरू ५.१ गुनासाहरूलाई समाधान गर्ने प्रक्रियाको नमुना तयार गरी कार्यान्वयन तथा अनुगमनको लागि विपत्बाट प्रभावित व्यक्ति र समुदायहरूसँग सहकार्य गर्नु । ५.२ गुनासोलाई स्वागत र स्वीकार गर्नु र यसको संयन्त्रलाई कसरी यसले सम्बोधन गर्ने; मुद्दाको दायरालाई सञ्चार गर्ने । ५.३ गुनासोलाई यथा समयमा, निष्पक्ष र सही तरिकाले व्यवस्थापन गर्नु; जसले आलोचकहरू र सबै तहमा प्रभावितहरूको सुरक्षालाई प्राथमिकता दिन्छ | **संस्थागत उत्तरदायित्वहरू**<br>५.४ विपत्बाट प्रभावित व्यक्ति र समुदायहरूको लागि गुनासो व्यवस्थापन प्रक्रियाको प्रमाणको लेखाजोखा तय गरिएको छ । यस प्रक्रियाले कार्यक्रम, यौन-शोषण र दुर्व्यवहार तथा अन्य शक्तिको दुरूपयोगलाई समेट्नुपर्दछ । ५.५ एक साङ्गठनिक संस्कृतिमा गुनासोलाई गम्भीर रूपमा लिइन्छ, साथै निर्देशित नीति तथा प्रक्रियाको आधारमा कार्यान्वयन गरिन्छ । ५.६ विपत्बाट प्रभावित व्यक्ति र समुदायहरूमानवकल्याणकारी संस्थाका कर्मचारीबाट अनपेक्षित व्यवहार, यौन-शोषण तथा दुर्व्यवहार रोक्न संस्थागत प्रतिबद्धताहरूसहित पूर्ण रूपमा सचेत गराइएका छन् । ५.७ यस सङ्गठनको क्षेत्रभित्र नपर्ने गुनासाहरू एक कुशल कार्यको लागि सम्बन्धित सङ्गठन वा सम्बन्धित निकायमा पठाइन्छ । |
| **६. विपद्बाट प्रभावित समुदाय र व्यक्तिहरूले एकमुष्ट र परिपूरक सहयोग प्राप्त गर्दछन् ।** | **गुणस्तर मापदण्डः**<br>मानवकल्याणकारी प्रतिक्रिया सहयोग एकमुष्ट र परिपूरक छ । | **मुख्य कामहरू**<br>६.१ विभिन्न दाताहरूको भूमिका, जिम्मेवारी, क्षमता र रुचिहरू पत्ता लगाउनु । | **संस्थागत उत्तरदायित्वहरू**<br>६.५ मानवकल्याणकारी सिद्धान्तमा सम्झौता नगरी नीति र रणनीतिहरूमा अन्य राष्ट्रिय |

| | | | |
|---|---|---|---|
| | | ६.२ मानवकल्याणकारीप्रतिक्रियालाई राष्ट्रिय र स्थानीय तहमा अन्य मानवकल्याणकारी क्षेत्रमा लागेका सङ्घसंस्थाहरूसँग परिपूरणको सुनिश्चितता गर्नु ।<br>६.३ समुदायको मागलाई कम गर्न र बृहत् मानवकल्याणकारी कार्यमा गरिने प्रयासको क्षेत्र र सेवाको व्यवस्थालाई बढाउन सम्बद्ध निकायसँग सरसहयोगमा भाग लिई सहकार्य गर्नु ।<br>६.४ साझेदारहरू, सहकारी समूहहरू र अन्य सम्बद्ध व्यक्तिहरूसँग उपयुक्त सञ्चार माध्यमबाट आवश्यक सूचना बाँड्नु । | तथा स्थानीय निकायसँगको सहयोग र सहकार्यको स्पष्ट प्रतिबद्धता समावेश हुन्छ ।<br>६.६ साझेदारसँगको काम स्पष्ट र स्थायी सम्झौताबाट निर्देशित हुन्छ । प्रत्येक साझेदारको भूमिका, बाध्यता र स्वतन्त्रतालाई सम्मान गर्नुका साथै उनीहरूको समस्या र प्रतिबद्धतामा ख्याल पुऱ्याउँछ । |
| **७. विपद्बाट प्रभावित समुदाय र व्यक्तिहरू थप सहयोग वितरणको आशा राख्न सक्छन्; जब कि संस्थाहरूले अनुभव र कामको प्रतिछायाबाट सिक्छन् ।** | **गुणस्तर मापदण्डः**<br>मानवकल्याणकारी अभिकर्ताहरू निरन्तर सिक्छन् र सुधार ल्याउँछन् । | **मुख्य कामहरू**<br>७.१ आर्जित ज्ञान र पूर्वअनुभवलाई कार्यक्रम निर्माणमा लगाउनु ।<br>७.२ अनुगमन र मूल्याङ्कन तथा पृष्ठपोषणको आधारमा परिवर्तनबाट सिक्नु, नयाँ कुराको विकास गरीत्यसलाई लागू गर्नें ।<br>७.३ विपत्बाट प्रभावित व्यक्ति तथा समुदाय र दाताहरूका बीच आन्तरिक रूपमा सिकाइ र नयाँ अभियानका कुरा आदानप्रदान गर्नु । | **संस्थागत उत्तरदायित्वहरू**<br>७.४ मूल्याङ्कन र सिकाइ नीतिहरू सम्बन्धित क्षेत्रमा हुन्छन्, जसमा अन्य अनुभवबाट सिक्ने, प्रयासहरूमासुधार गर्ने साधनहरू उपलब्ध हुन्छन् ।<br>७.५ ज्ञान र अनुभवको अभिलेख राख्न र सङ्गठनभरि प्रयोग गर्नलाई विभिन्न संयन्त्रहरू विद्यमान हुन्छन् ।<br>७.६ संस्थाले मानवकल्याणकारी प्रतिक्रियामा समकक्षका क्षेत्रभित्र सिकाइ र नयाँ विचारलाई बढावा दिन्छ । |
| **८. विपत्बाट प्रभावित समुदाय र व्यक्तिहरूले प्रतिस्पर्धात्मक तथा सु-व्यवस्थित कर्मचारी र स्वयंसेवकबाट सहयोग प्राप्त गर्दछन् ।** | **गुणस्तर मापदण्डः**<br>कर्मचारीहरूलाई आफ्नो काम प्रभावकारी ढङ्गले गर्न सहयोग गरिन्छ र निष्पक्ष तथा समान व्यवहार गरिन्छ । | **मुख्य कामहरू**<br>८.१ कर्मचारीहरू संस्थाको आदेश तथा मूल्य-मान्यताका साथै सम्झौता गरिएका लक्ष्य तथा कार्यसम्पादन मापदण्डअनुसार काम गर्छन् ।<br>८.२ कर्मचारीहरू आफूलाई आवश्यक नीतिहरूको पालना गर्छन् साथै पालना नगर्दाको परिणाम पनि बुझ्छन् ।<br>८.३ कर्मचारीमा आवश्यक व्यक्तिगत, प्राविधिक र व्यवस्थापकीय दक्षताको विकास र त्यसको प्रयोगमा आफ्नो भूमिका पूरा गर्दा संस्थाले उक्त काम गर्न कसरी सहयोग गर्छ भन्ने कुरा बुझ्छन् । | **संस्थागत उत्तरदायित्वहरू**<br>८.४ संस्थामा आफ्ना कार्यक्रमहरू प्रवाह र व्यवस्थापन गर्न सक्ने क्षमता तथा दक्षता भएका कर्मचारीहरू राख्दछ ।<br>८.५ कर्मचारीका नीति र प्रक्रियाहरू निष्पक्ष, स्पष्ट, भेदभावरहित र स्थानीय रोजगारीमूलक कानून अनुसार हुन्छन् । ८.६ जागिरको वर्णन, कामको उद्देश्य र पृष्ठपोषण प्रक्रियाहरू सम्बन्धित तहमा हुन्छन्, जसले गर्दा कर्मचारीहरू आफूलाई के आवश्यक छ भनी स्पष्ट बुझ्छन् । |

| | | | |
|---|---|---|---|
| | | | ८.७ निश्चित तहमा आचारसंहिता हुन्छ, जसले कर्मचारीलाई मानिसहरूमा कम्तीमा दुर्व्यवहार अथवा भेदभाव नगर्न बाध्य पार्दछ ।<br>८.८ नीतिहरू कर्मचारीलाई सीप र क्षमता वृद्धि गर्न तय गरिएका हुन्छन् । ८.९ नीतिहरू कर्मचारीको सुरक्षा र भलाइको लागि तय गरिएका हुन्छन् । |
| **९. विपत्‌बाट प्रभावित व्यक्ति र समुदायहरूले आफूलाई सहयोग गरिरहेका संस्थाहरूबाट स्रोतको प्रभावकारी प्रयोग हुने गरीकुशलतापूर्वक नीतिसम्मत व्यवस्थापनको अपेक्षा गर्दछन् ।** | **गुणस्तर मापदण्डः**<br>निर्देशित उद्देश्यप्राप्तिका लागि अनुकूल तरिकाले स्रोतहरूको व्यवस्थापन र प्रयोग गरिन्छ । | **मुख्य कामहरू**<br>९.१ गुणस्तर, खर्च र समयावधिलाई सन्तुलन राख्दै स्रोतहरूको प्रभावकारी प्रयोगको सुनिश्चितताको लागि कार्यक्रमहरू तयार पार्नु र लागू गर्नु ।<br>९.२ लक्षित उद्देश्य प्राप्त गर्न स्रोतहरूको व्यवस्थापन र प्रयोग; जसले अनावश्यक खर्चलाई कम गर्छ ।<br>९.३ आम्दानीको तुलनामा खर्चको अनुगमन गर्नु र विवरण दिनु ।<br>९.४ स्थानीय र प्राकृतिक स्रोतको प्रयोग गर्दा वातावरणमा त्यसले पार्ने असर ख्याल गर्नु । ९ .५ भ्रष्टाचारको खतरालाई व्यवस्थापन गर्नु र यदि यसको प्रमाण भेटिएमा उचित कदम चाल्नु । | **संस्थागत उत्तरदायित्वहरू**<br>९.६ स्रोतहरूको प्रयोग र व्यवस्थापनको लागि निम्नलिखित नीति तथा प्रक्रियाहरू तय गरिएका छन्ः<br>(क) नैतिक र कानूनी रूपमा कोष तथा उपहार ग्रहण गर्ने र वितरण गर्ने ।<br>(ख) वातावरणमैत्री तरिकाबाट स्रोतहरू प्रयोग गर्ने ।<br>(ग) भ्रष्टाचार, ठगी, द्वन्द्व तथा स्रोतहरूको दुरुपयोग रोक्ने ।<br>(घ) पारदर्शी तरिकाले लेखापरीक्षण तथा सञ्चालन प्रमाणीकरणको विवरण दिने । (ङ) चालु अवस्थामा जोखिम निर्धारण तथा व्यवस्थापन गर्ने ।<br>(च) स्रोतहरूको स्वीकारमा यसको स्वतन्त्रतासँग सम्झौता हुँदैन । |

# शेसन ५ कालागि प्रस्तुतीका स्लाइडहरु




- मानवीय विपद्को समयमा मानवीय सङ्घसंस्थाहरूले पालना गरिरहेका मानवीय मापदण्डहरू HAP, People in Aid / Sphere मा अन्तरनिहित मूलमर्महरूलाई समेटेर तयार परिएको संयुक्त मापदण्ड योजना (Joint Standards Initiatives- JSI) को प्रतिफलको रूपमा जवाफदेहिता र गुणस्तर व्यवस्थापनका लागि आधारभूत मानवीय मापदण्डलाई लिएको छ।
- यो सामग्री तयार गर्दा संयुक्त मापदण्ड योजना (JSI) ले उल्लिखित मापदण्ड अवलम्बन गरिएका मुख्य तथा क्षेत्रीय कार्यालय र विपत् संवे दनशील देशका करिव २००० मानवीय सहयोगी कार्यकर्ताहरूसँग परामर्श गरेको थियो ।
- जवाफदेहिता र गुणस्तर व्यवस्थापनका लागि आधारभूत मानवीय मापदण्ड, १२ महिना तथा ३ चरणमा गरिएको छलफलहरूको ठोस परिणाम हो ।

- आधारभूत मानवीय मापदण्डमा उत्कृष्टता र प्रभावकारिताको मापदण्डले आफ्ना मानवकल्याणकारी कार्यमा आबद्ध संस्था र व्यक्तिहरूका लागि नौ वुँदे प्रतिबद्धताहरु जरी गरेको छ।
- यी प्रतिबद्धताहरुबाट संस्था तथा व्यक्तिले गर्ने सहयोगमा उत्कृष्टता र प्रभावकारिता वृद्धि हुन्छ भन्ने विश्वास रहेको छ।
- यसले मानवकल्याणकारी संस्थाहरूको प्रतिबद्धतालाई ध्यानमा राख्दै सङ्कटमा परेका समुदाय र व्यक्तिहरूप्रतिको वृहत् उत्तरदायित्वलाई सबलीकरण गरेको छ।

## आधारभूत मापदण्डको ढांचा

| प्रतिवध्दताहरु | गुणस्तर मापदण्डः | मुख्य कामहरू | संस्थागत उत्तरदायित्वहरू |
|---|---|---|---|
| १. विपत्बाट प्रभावित समुदाय र मानिसहरू आफ्ना आवश्यकता अनुसार उपयुक्त र सान्दर्भिक सहयो प्राप्त गर्छन् | मानवकल्याणकारी प्रतिक्रि उपयुक्त र सान्दर्भिक छ। | १.१ अवस्था र दाताहरूको प्रक्रियागत, वस्तुगत र चालु प्रक्रियाव विश्लेषण गर्नु।<br>१.२ आवश्यकता र जोखिमको पूर्वाग्रहरहित मूल्याङ्कनविभिन्न समूह क्षमता र कमजोरीहरूको बुझाइमा आधारित उचित कार्यक्रमको र कार्यान्वयन गर्नु।<br>१.३ परिवर्तित आवश्यकता, क्षमता र अवस्था अनुकूल कार्यक्रम । | १.४ नीतिहरूले प्रकोपबाट प्रभावित समुदाय र व्यक्तिहरूको आवश्यकता र क्षमतामा आधारित पूर्वाग्रहरहित सहयोग प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछन्।<br>१.५ नीतिहरूमा प्रतिबद्धताहरू निर्धारण गरिएको जसले पिछडिएका वा सीमान्तकृत जनतासहित समुदायको विविधतालाई महत्व दिन्छ। यसमा असङ्गठित तथ्यलाई सङ्कलन गरिन्छ।<br>१.६ अवस्थाको निरन्तर विश्लेषण उचित तरिका प्रक्रियाहरू तय गरिएका हुन्छन |
| २. विपत्बाट प्रभावित समुदाय र व्यक्तिहरूको उचित समयमा मानवकल्याणकारी सहयोगमा पहुँच। २. विपत्बाट प्रभावित समुदाय र व्यक्तिहरूको उचित समयमा मानवकल्याणकारी सहयोगमा पहुँच। | गुणस्तर मापदण्डः<br>मानवकल्याणकारी प्रतिक्रिया प्रभावकारी र यथासमयमा छ। | मुख्य कामहरू<br>२.१ दबाबलाई सम्बोधन गर्ने कार्यक्रम निर्माण गर्नु; जसले निर्धारित काम वास्तविक र समाजको लागि सुरक्षित हुन्छ।<br>२.२ मानवकल्याणकारी प्रतिक्रियालाई अनावश्यक ढिलासुस्ती नगरी यथासम्भव निर्णय गरी सम्प्रेषण गर्नु। २.३ संस्थाहरूका सम्पर्कमा नआएका आवश्यकतालाई उपयुक्त प्राविधिक निपूर्णताका लागि आदेश दिन अथवा ती आवश्यकताको सम्बोधननिम्ति वकालत गर्नु।<br>२.४ योजना बनाउन र कार्यक्रम कार्यान्वयनको लागि मानवकल्याणकारी क्षेत्रभरि प्रयोग भएका सान्दर्भिक प्राविधिक मापदण्ड र उचित प्रयासको प्रयोग गर्नु।<br>२.५ मानवकल्याणकारी कार्यक्रमलाई समयानुकूल बनाउन तथा कमजोर प्रस्तुतिलाई सम्बोधनको लागि मानवकल्याणकारी प्रतिक्रियामुखी क्रियाकलाप र परिणामको अनुगमन गर्नु। | संस्थागत उत्तरदायित्वहरू<br>२.६ कार्यक्रमका प्रतिबद्धताहरू संस्थागत क्षमतासहित क्रमबद्ध भए/नभएका निश्चित गर्ने।<br>२.७ नीतिगत प्रतिबद्धताहरूले निश्चित गर्छन : (क) क्रियाकलापहरू र तिनीहरूको असरको प्रक्रियागत, वस्तुगत निरन्तर अनुगमन तथा मूल्याङ्कन, (ख) अनुगमन र मूल्याङ्कनबाट प्राप्त प्रमाणलाई समयानुकूल सुधार र (ग) प्राप्त स्रोतहरूका साथसाथै उचित समयमा निर्णय। |






## सत्र योजना

**मोडुल १ : आधारभूत मानविय मापदण्ड** सत्र : ६
**विषय :** स्फेयर मापदण्ड समय : ९० मिनेट
**साधारण उद्देश्य :** स्फेयर र स्फेयर मापदण्डबारे जानकारी दिने
**निर्दिष्ट उद्देश्य :** सत्रको अन्तमा सहभागीहरुले :

- स्फेयर के हो बताउन सक्नेछन्
- विपद्को समयमा राहत वितरण गर्दा खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धन, खाद्य सुरक्षा र पोषण, आवास र वस्ती व्यवस्थापन र स्वास्थ्यका आधारभूत मापदण्डहरु बताउन सक्नेछन्

**सत्रका मुख्य विषयवस्तुः**

- स्फेयर
- स्फेयरका मापदण्डहरु

| प्रशिक्षण - सिकाई क्रियाकलाप | सिकाइ विधि | समय अवधि | प्रशिक्षण सिकाई सामाग्री |
|---|---|---|---|
| **क्रियाकलाप १ः सहभागीहरुको ध्यान आकर्षण**<br>• स्फेयरको तयार गरिएको भिडियो प्रदर्शन गर्नुहोस<br>• भिडियो हेरीसकेपछि भिडियोमा के को वारेमा छलफल गरिएको छ भनी प्रश्न गर्नुहोस ?<br>• अव हामी स्फेयर मापदण्डको वारेमा छलफल गर्दछै भनी बताउनुहोस् | स्लाइड सो | १० मि | स्फेयर भिडियो |
| **क्रियाकलाप २ : सत्रको नाम, उद्देश्य र विषयवस्तु**<br>सत्रको नाम, उध्देश्य, विषयवस्तु र समय अविधी वताउने | स्लाइड प्रस्तुती | ५ मि | उध्देश्य लेखिएको स्लाइड |
| **क्रियाकलाप ३ : विषयवस्तु सम्बन्धी सहभागीहरुको बुझाई**<br>• स्फेयर भनेको के हो जस्तो लाग्छ २, ३ जनालाई सोध्नुहोस ?<br>• स्फेयरको तालिम लिनुभएको छ या सुन्नु भएको छ भनी सोध्नुहोस् ?<br>• सहभागीको विचारलाई संक्षेपीकरण गर्नुहोस र विषयवस्तुलाई अगाडि बढाउनुहोस । | प्रश्न उत्तर | ५ मिनेट | वोर्ड र वोर्ड मार्कर |

| | | | |
|---|---|---|---|
| • **क्रियाकलाप ४:** स्फेयर के हो र यसको ऐतिहासिक पक्षबारे सहजकर्ताले जानकारी गराउनुहोस्<br>• स्फेयरले सहयोग गर्ने क्षेत्रहरु जस्तै खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धन, खाद्य सुरक्षा र पोषण, आवास र वस्ती व्यवस्थापन र स्वास्थ्यका वारेमा तलका प्रश्नहरु सोधेर छलफल चलाउनुहोस्<br>• विपद्को समयमा खानेपानीको सहयोग गर्दा के के मापदण्डहरु हुनु पर्दछ ?<br>• आवासको मापदण्डहरु के के हुनु पर्दछ भनी सोध्नुहोस् ?<br>• विपद्को समयमा खाद्य तथा पोषणको के के मापदण्डहरु हुनु पर्दछ ? | लघ प्रवचन | २५ मिनेट | स्लाइड |
| **क्रियाकलाप ५:** समुहलाई ४ समुहमा विभाजन गर्नुहोस् र प्रत्येक समुहलाई स्फेयरको १ वटा क्षेत्र पर्ने गरी समुह कार्य गर्न लगाउनुहोस्<br><br>समुह कार्य गर्दा आ आफनो क्षेत्रको गुणस्तरियता र उत्तरदायित्व के के हुन सक्छ र के कस्ता मापदण्डहरु हुनु पर्दछ भनी छलफल गर्न लगाउनुहोस् | जोडा छलफल | ३० मिनेट | न्यूज प्रिन्ट, मार्कर |
| **क्रियाकलाप ६: छलफल गरिसकेपछि सहजकर्ताले सवै समुहहरुबाट प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यकता अनुसार सहजकर्ताले थप व्याख्या गर्न पर्ने भएमा बताउनुहोस्** | प्रस्तुतीकरण | ५मिनेट | |
| **क्रियाकला ७: संक्षेपीकरण**<br>सारांसमा स्फेयरका मापदण्डवारे मुख्य मुख्य जानकारी गराउनुहास् | लघु प्रवचन | ५ मिनेट | संक्षेपीकरण नोट |
| **क्रियाकलाप ८: सत्र मूल्यांकन**<br>यस सत्रमा राखिएका निर्दिष्ट उद्देश्य हासिल भए कि भएनन थाहा पाउनको लागि सहभागीहरुलाई तलको प्रश्नहरु सोध्नुहोस<br>प्रश्न १ : स्फेयर मापदण्ड भनेको के हो ?<br>प्रश्न २ : आवासको सहयोग गर्दा कस्तो मापदण्ड हुनुपर्दछ ?<br>प्रश्न ३ : खानेपानीको मापदण्डमा के के पर्दछन् ? | क्विज | ३ मिनेट | प्रश्नहरु |
| **क्रियाकलाप ९ :**<br>• सत्र मुल्यांकन पश्चात अब यस पछाडि को सत्रमा हामी स्फेयरको वारेमा छलफल गर्दछौ भनी बताउने र अध्ययन सामग्री सहभागीहरुलाई वितरण गर्नुहोस | छलफल | २ मिनेट | |

## शेसन ६ कालागि अध्ययन सामाग्रीहरु

स्फेयर

### १. स्फेयरको विकास क्रम

रावण्डाको गृह युध्दको समयमा ७ अप्रिल र १५ जुलाई १९९४ मा रावण्डामा टुसी विद्रोही माथि नरसंहार गरिएको थियो । सैनिक मिलिसियाहरुले १०० दिनको समय अवधीमा टुसी जातीका र केही हुतु जातीका करीव ५ देखि ६ लाख व्यक्तिहरुको हत्या गरिएको थियो । रावण्डाको नरसंहार पछि बहु संस्थाहरुले गरेको मुल्यांकनमा मानविय सहयोगमा देखिएको अव्यवस्था, गुणस्तर र उत्तरदायित्मा देखिएका कमी कमजोरीका कारण मानविय सेवा कार्य गर्दा निश्चित मापदण्डहरु तयार गर्नपर्ने र व्यवस्थापन गर्नुपर्ने यथार्थ बोध भएको कारणले स्फेयरको अवधारणा शुरु भयो ।




सन् १९९७ तिर विश्वका करीव ८० देशका ४०० संस्थाहरु र ४००० भन्दा बढी मानविय सेवामा कार्य गर्ने संस्थाहरु, मानवताबादी गैर सरकारी समुह, रेडक्रस र रेडक्रिसेन्ट अभियानका सदस्यहविच गुणस्तरियता र उत्तरदायित्व विकास गर्ने कार्यमा छलफल शुरु भयो । साथै पहिलो परिक्षण यसको सन् १९९८ मा गरिएको थियो । यसका साथै स्फेयरको प्रथम संस्करण सन् २००० मा प्रकाशित भएको थियो । त्यसपश्चात स्फेयरको आवश्यकता अनुसार परिमार्जन हुदै दोश्रो संस्करण २००४, तेश्रो संस्करण २०११ र चौथो संस्करण २०१८ मा प्रकाशित भएको छ । चौथो संस्करण सम्म आइपुग्दा स्फेयरको अभ्यास गरेको २० वर्ष पुगेको छ ।

### २. स्फेयर के हो

विपद्बाट प्रभावित मानिसहरुलाई प्रदान गरिने सहायताको गुणस्तर सुर्धानु तथा विपद्को स्थितिमा गरिने सहयोग सम्वन्धि मानविय प्रणालीको जिम्मेवारीपन बढाउन तयार गरिएको मापदण्डहरुको एक दस्तावेज हो । स्फेयर विपद् र द्धन्दबाट प्रभावित व्यक्तिहरुले संरक्षण र सहयोग पाउने अधिकार हुन्छ साथै सम्मानपूर्वक वांच्न पाउने अधिकार हुन्छ भन्ने अवधारणामा आधारित छ। यसका साथै स्फेयरमा मानविय सिद्धान्त मुलभूत चार पक्षहरु मानवियता, तटस्थता, निष्पक्षता र स्वतन्त्रता र  आचार संहिता आदिमा उल्लेख भएका बुंदाहरुलाई पनि विशेष महत्व दिइएको  छ।

### ३. स्फेयरको दर्शन वास्तवमा दुई प्रमुख विश्वासमा आधारित छ।

**प्रथम** : विपद् वा द्वन्दबाट पिडित व्यक्तिहरुलाई ससम्मान वांच्ने अधिकार भएकोले सो सम्वन्धि सहयोग प्राप्त गर्ने अधिकार पनि छ।

**दोश्रो** : विपद् तथा द्वन्दबाट उत्पन्न मानविय पिडालाई निवारण वा हटाउन हरसंभव पाइलाहरु चालिनु पर्दछ

### ४. स्फेयर मापदण्डको संरचना

स्फेयरको मापदण्डलाई चार क्षेत्रमा विभाजन गरि प्रस्तुत गरिएको छ

**१. मापदण्ड :** यो मापदण्ड सम्मानपूर्वक बांच्न पाउने अधिकारको सिद्धान्तबाट निर्देशित छ र जुन न्युनतमा रुपमा प्राप्त गरेको हुनु पर्दछ। यसका साथै आधारभूत मानविय मापदण्डका ९ वटा बुंदाहरु प्रतिवद्धता र गुणस्तरियता कायम गर्ने बुंदाको रुपमा रहेका छन्

**२. मुख्य कार्यहरु :** यसमा मापदण्ड प्राप्ती गर्न गरिने व्यवहारिक पाइलाहरु राखिएका छन् र यो सवै ठाउंमा सार्न्दभिक नहुन पनि सक्छ र प्रयोगकर्ताले अवस्था अनुसार उपयुक्त बुदांहरु छनोट गर्न सक्दछन्

**३. मुख्य सुचक :** यसमा मापदण्ड प्राप्त भयो भएन भन्ने सूचकहरु राखिएका छन् जसले विपद् प्रतिकार्यका कार्यहरु गर्दा कार्यक्रम र प्रक्रियाको नतीजालाई संकलन गर्दछ। यो मापदण्ड प्राप्त भयो भएन भन्ने सूचक हो।

**४. निर्देशन नोट :** यसले यस कितावमा भएका संरक्षण सिद्धान्त, आधारभूत मानविय मापदण्ड बलम अन्य मापदण्डहरुको प्राप्ती गर्न गरिने मुख्य कार्यहरुलाई सहयोग गर्न थप सूचनाहरु उपलव्ध गराउंदछ

### ५. संरक्षणको सिद्धान्त

सवै मानविय सेवा प्रदायक र मानविय कार्यमा संचालन गर्दा यी चारवटा संरक्षणका सिद्धान्तहरु लागु हुनेछन्

१. मानिसहरुको सुरक्षा, आत्मसम्मान र अधिकारको वृद्धि गर्ने र उनीहरुलाई हानी हुन सक्ने तत्वबाट टाढा राख्ने

२. उनीहरुको आवश्यकता अनुसारको सहयोग विना भेदभाव पाउने सुनिश्चित गर्ने

३. मानिसहरुलाई धम्की, हिंसा वा यातनाका कारण शारिरिक र मनोसामाजिक प्रभावबाट मुक्त हुनकोलागि सहयोग गर्ने

४. मानिसहरुलाई उनीहरुको अधिकार प्राप्त गर्न सहयोग गर्ने

मापदण्डहरु

**१. खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धन सम्वन्धि मापदण्डहरु**

विपद् र द्धन्दबाट प्रभावित मानिसहरु पानीसंग सम्वन्धित रोगहरुको शिकार र मृत्य हुन सकने संभावना रहन्छ। उक्त संभावना पानीको अपर्याप्तता र दुषित पानीको प्रयोग, कमजोर सरसफाई र स्वच्छताले हुन सक्दछ। यस मापदण्डले विपद् र द्धन्दको समयमा हुन सक्ने सार्वजनिक स्वास्थ्यमा हुन सक्ने जोखिमलाई कम गर्न उद्धेश्य रहेको छ। सवैको खानेपानी र सरसफाई सम्वन्धि अधिकार छ र यस मापदण्डले उक्त अधिकारको रक्षाकोलागि कार्य  गर्दछ।




**१.१ स्वच्छता प्रवर्द्धन**

**मापदण्ड** : मानिसहरू पानी, सरसफाइ तथा स्वास्थ्यसँग सम्बन्धित जनस्वास्थ्यका मुख्य जोखिमहरूका बारेमा सचेत छन् र उनीहरूले ती जोखिमहरूलाई कम गर्नका लागि व्यक्तिगत, घर-परिवार तथा समुदायको तहमा उपायहरू अवलम्बन गर्न सक्दछन्।

**मुख्य क्रियाकलापहरू**

१ जनस्वास्थ्यका मुख्य जोखिमहरू र यी जोखिमहरूलाई सहयोग पुऱ्याउने स्वास्थ्यका विद्यमान अभ्यासहरूको पहिचान गर्नुहोस्।

- पानी, सरसफाइ तथा स्वास्थ्यसँग सम्बन्धित कुन जोखिमहरूप्रति कुन व्यक्ति तथा समूहहरू सङ्कटासन्न छन् र किन भन्ने कुरा निर्धारण गर्नका लागि समुदायको पार्श्वचित्र ९उचयाषिभ० तयार गर्नुहोस्।
- त्यस्ता कारक तत्वहरूको पहिचान गर्नुहोस् जुन तत्वहरूले सकारात्मक व्यवहार तथा प्रतीकारात्मक क्रियाकलापप्रति उत्प्रेरित गर्दछन्।

२ स्वास्थ्य प्रवर्धन तथा पानी, सरसफाइ तथा स्वास्थ्यसम्बन्धी व्यापक प्रतिकार्यको तर्जुमा तथा व्यवस्थापन गर्नका लागि प्रभावित जनसङ्ख्यासँग मिलेर काम गर्नुहोस्।

- व्यावहारिक जानकारीको आदान-प्रदान गर्नका लागि सञ्चार माध्यम र समुदायसँगको संवाद - दुवैलाई प्रयोग गर्दै सञ्चारसम्बन्धी रणनीतिको तर्जुमा गर्नुहोस् ।
- प्रभावशाली व्यक्ति, समुदायका समूहहरू तथा घरदैलो कार्यक्रममा संलग्न कार्यकर्ताहरूको पहिचान गर्नुहोस् ।

३ स्वास्थ्य प्रवर्धनलाई अनुकूलित पार्नका लागि र त्यसमा सुधार ल्याउनका लागि समुदायको पृष्ठपोषण तथा स्वास्थ्यसम्बन्धी निगरानी (health surveillance) को प्रयोग गर्नुहोस् ।

- पानी, सरसफाइ र स्वास्थ्यका सुविधाहरूमाथिको पहुँच तथा तिनको प्रयोग र स्वास्थ्य प्रवर्धनबाट व्यवहार तथा अभ्यासमाथि कसरी असर पर्दछ भन्नेबारेमा अनुगमन गर्नुहोस् ।
- गतिविधिहरूलाई अनुकूलित गर्नुहोस् र पूरा नभएका आवश्यकताहरूको पहिचान गर्नुहोस् ।

**मुख्य सूचकहरू**

- प्रभावित त्यस्ता घर-परिवारहरू जसले पानी, सरसफाइ तथा स्वास्थ्यसँग सम्बन्धित रोगहरूको रोकथाम गर्नका लागि तीनवटा उपायहरूका बारेमा सही किसिमले व्याख्या गर्न सक्दछन्
- लक्षित त्यस्तो जनसङ्ख्याको प्रतिशत जसले हात धुनका लागि दुई महत्वपूर्ण समय सही किसिमले बताउँछन्
